"समृद्ध नेपालका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा"

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

राष्ट्रिय युवा परिषद्

सानोठिमी, भक्तपुर

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

स्वतः प्रकाशन

२०८२ श्रावण देखि पौष मसान्तसम्म

सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ को उपदफा(३) तथा सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ को प्रयोजनार्थ सार्वजनिक गरिएको विवरण ।

(२०८२ साउन देखि २०८२ पौषमसान्तसम्म)

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर

१.राष्ट्रिय युवा परिषद्को स्वरुप र प्रकृति :

नेपालमा युवा विकासका लागि वि.सं. २०६६ सालमा पहिलो पटक र वि.सं. २०७२ मा परिमार्जित राष्ट्रिय युवा नीति २०७२ जारी गरियो । त्यसलाई प्रभावकारी रुपमा लागु गर्ने उद्देश्यले वि.सं. २०७२ सालमा युथ भिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना जारी गरियो। यो दस्तावेज मिति २०७२/०६/१९ गते नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत भएको थियो । यसरी नेपालमा पहिलो पटक युवा विकासका लागि सरकारी स्तरबाट तयार भएको ठोश कार्ययोजना सहितको दस्तावेजको रुपमा युथभिजन रहेको छ । यसको निर्माण गर्दा सरोकारवालाहरूसंग व्यापक छलफल, अन्तरक्रिया भएको र अत्यन्त सहभागितामूलक ढंगले निर्माण भएको थियो । यसरी राष्ट्रिय युवा नीति २०७२ र युथभिजन २०२५ तथा दशवर्षे रणनीतिक योजनामा परिलक्षित गरिएका युवालक्षित योजना र कार्यक्रमहरूलाई समस्त नेपाली युवाको विकास र परिचालनका लागि केन्द्रीय सरकारी निकायको रुपमा राष्ट्रिय युवा परिषद् ऐन २०७२ बमोजिम नेपाल सरकारले राष्ट्रिय युवा परिषद स्थापना गरेको हो । यस परिषदले नेपाल सरकारले स्वीकृत गरेका युवालक्षित कार्यक्रमको संघीय तह, प्रदेश तह र स्थानीय तहमा कार्यान्वयन तथा सोको लागि सहजीरकण गर्नुका साथै अन्य सरकारी तथा गैरसरकारी निकायहरूबाट सञ्चालित युवालक्षित कार्यक्रमहरूको समन्वय, सहकार्य र सहजीरकण गर्ने काम समेत गर्दछ। हाल यसको केन्द्रीय कार्यालय सानोठिमी भक्तपुरमा रहेको छ । यसका शाखाहरू सबै जिल्लाहरूमा जिल्ला युवा समितिका कार्यालयहरू रहेका छन् । केही वर्षदेखि नेपाल संघीय ढाँचामा गइसकेपछि यसका संगठनात्मक ढाँचा र स्वरुपहरू परिवर्तन हुने क्रममा रहेका

छन्। आगामी दिनमा केन्द्रमा राष्ट्रिय युवा परिषद, प्रदेश स्तरमा प्रदेश युवा परिषद्, जिल्लामा जिल्ला युवा समन्वय इकाइ तथा सबै स्थानीय तहमा स्थानीय युवा परिषदको रुपमा विकास गरिने र प्रत्येक वडा तहमा युवाक्लबहरूको गठन गरी युवाका गतिविधिहरू सञ्चालन गर्ने यसका अंग तथा इकाइहरूलाई स्थानीय तहको वडा तथा गाउँ तहसम्म विस्तार गरिनेछ ।

यस निकायले तालिम तथा क्षमता विकास, युवा परिचालन सहभागिता र नेतृत्व विकास, गुणस्तरीय व्यवसायिक शिक्षा ,रोजगारी उधमशिलता सिपविकास, स्वास्थ्य रसामाजिक सुरक्षा खेलकुद र मनोरञ्जन,उद्यमशिलता वितिय शाक्षरता तालिम प्रदान, युवा मार्गदर्शन तथा परामर्श, स्वयंसेवक विकास तथा परिचालन, सञ्चार माध्यमसंग सहकार्य तथा समन्वय र प्रचारप्रसार ,युवा लक्षित फोटो भिडियो डकुमेन्टरी निमार्ण,Start up कार्यक्रमका लगि सहुलियतपूर्ण कर्जा सहजीकरण, नवप्रवर्तन तथा अनुसन्धान को सुविधा उपलव्ध, लोकतन्त्र, संसदीय अभ्यास सम्वन्धी क्षमता विकास, विभिन्न संसस्थासंग समन्वय,सहकार्य र सांझेदारी, वित्तिय शाक्षरता सम्वन्धी तालिम, युवा प्रतिभा खोजी र प्रोत्साहन कार्यक्रम, E-Library को सुविधा उपलव्ध, कम्प्यूटर ल्यावको उपलव्धता, यूवा उद्यम विकास कार्यक्रम लगायतका कार्य गर्ने प्रकृति रहेको छ।

दूरदृष्टि

नेपाली युवालाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउदै राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गरी नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउने ।

दीर्घकालीन लक्ष्य

- युवाको नेतृत्व तथा क्षमता विकास
- उद्यमशिलताको विकास र स्वरोजगारयुवाको पहुँच र सहभागिताको सुनिश्चितता
- समृद्ध राष्ट्र निर्माण

मान्यता

- स्वस्थ,कर्मठ र उद्यमी युवा
- अधिकार र कर्तव्य प्रति सचेत युवा
- समावेशी र सशक्त युवा
- नेतृत्वदायी र स्वाबलम्बी युवा

उद्देश्य

- राष्ट्र निर्माण एवम् राष्ट्रिय विकासमा युवाको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने,
- युवावर्गमा सिर्जनशीलता, उद्यमशीलता तथा अन्वेषणात्मक क्षमताको विकास गरी राष्ट्रको आधारभूत शक्तिका रुपमा स्थापित गर्दै उनीहरूमा रहेका क्षमता उजागर गर्ने,
- श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाको शारिरीक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुंसस्कृत, सिर्जनशील तथा व्यवसायिकरुपमा दक्ष युवा तयार गर्ने,आधारभूत शक्तिका रुपमा स्थापित गर्दै उनीहरूमा रहेका क्षमता उजागर गर्ने,
- श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाको शारिरीक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुंसस्कृत, सिर्जनशील तथा व्यवसायिकरुपमा दक्ष युवा तयार गर्ने,
- युवाका आधारभूत अधिकारहरू सुनिश्चित गर्दै उत्पादनशील स्रोतहरूमा उनीहरूको पहुँच बढाएर राष्ट्रका राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवम् कार्यान्वयनमा सहभागी गराउनुका साथै लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवालाई राष्ट्रिय विकासको संवाहक शक्तिका रुपमा स्थापित गर्ने,

- प्राथमिकता तथा विशेष प्राथमिकताको समुहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी विकासको मूल प्रवाहमा ल्याउने ।

२. परिषद्को गठन, काम, कर्तव्य र अधिकार

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को परिच्छेद ३ अन्तर्गतका दफा ५, ६ र ७ मा परिषद्को गठन तथा काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ ।

दफा ५ मा परिषद्को गठन निम्नानुसार हुने व्यवस्था रहेको छः-

(क) युवा तथा खेलकुद मन्त्रालयका मन्त्री वा राज्यमन्त्री, -अध्यक्ष

(ख) नेपाल सरकारले नियुक्त गरेको व्यक्ति, -उपाध्यक्ष

(ग) सचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ङ) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य

(च) सचिव, युवा तथा खेलकुद मन्त्रालय -सदस्य

(छ) सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय-सदस्य

(ज) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(झ) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय -सदस्य

(ञ) सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय -सदस्य

(ट) युवासम्बन्धी विभिन्न सङ्घ-संस्थाको प्रतिनिधित्व हुने गरी मनोनीतचारजना -सदस्य

(ठ) युवाका हकहितको संरक्षण र संवर्द्धनमा विशेष योगदान पुऱ्याएका युवाहरूबाट आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक समुदाय वा पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व हुने गरी मनोनीत पन्ध्रजना -सदस्य

(ड) उद्योग, श्रम, कृषि, खेलकुद, विज्ञान प्रविधि तथा वातावरण, साहित्य तथा कलाको क्षेत्रबाट प्रतिनिधित्व हुने गरी मनोनीत छ जना -सदस्य

(ढ) परिषद्का वरिष्ठतम कर्मचारी सदस्य-सचिव

दफा ६ र ७ मा सदस्यहरूको मनोनयन कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तका आधारमा मन्त्रालयले गर्ने, मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुने, कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको भनी परिषद्ले निर्णय गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत हटाउन सक्ने, तर पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मौका दिनुपर्ने व्यवस्था रहेको छ ।

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ दफा ६ अनुसार परिषद्को काम, कर्तव्य र अधिकार निम्नानुसार रहेका छन्ः

१. युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,
२. नेपाल सरकारबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,
३. परिषद्सँग आबद्धता प्राप्त गर्ने सङ्घ-संस्थाहरूले पालना गर्नुपर्ने सर्तहरू निर्धारण गर्ने,
४. विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकका रूपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,
५. युवालाई राष्ट्र निर्माणमा सहभागी हुन तथा मुलुक निर्माणमा केन्द्रित भई अघि बढ्न उत्प्रेरित गर्ने,
६. परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,
७. युवा विकास, सशक्तीकरण एवम् मूलप्रवाहीकरण सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने,
८. परिषद्का लागि आवश्यक कर्मचारीको दरबन्दी सङ्ख्या निर्धारण गर्ने,
९. तोकिए बमोजिमका काम गर्ने, गराउने ।

दफा ७ मा परिषद्को बैठक र निर्णयको व्यवस्था रहेको छ, जस अनुसार परिषद्को बै०ठक आवश्यकता अनुसार बस्ने, तर दुई बैठक बीचको अन्तर सामान्यतया तीन महिना भन्दा बढी हुनु नहुने, बैठक अध्यक्षको निर्देशनमा उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने, बैठक हुनुभन्दा कम्तीमा अठ्चालीस घन्टा अगावै बैठकमा

छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सदस्यहरूलाई दिने, परिषद्मा तत्काल कायम रहेका कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिने व्यवस्था रहेको छ । त्यस्तै परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्ने, बैठकमा बहुमतको राय मान्य हुने, मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने, परिषद्को बैठकको निर्णय उपाध्यक्षले प्रमाणित गरी राख्ने, परिषद्ले आवश्यक ठानेमा परिषद्को कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई बैठकमा पर्यवेक्षकका रूपमा भाग लिन आमन्त्रण गर्न सक्ने र परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुने व्यवस्था रहेको छ ।

३. निकायमा रहने पदाधिकारी,कर्मचारी सङख्या र कार्यविबरणः

क्र. सं	नाम/थर	पद	सम्पर्क नं
१		कार्यकारी उपाध्यक्ष	
२	गेहनाथ गौतम	प्रशासकीय प्रमुख	९८४१३१४५७९
३	चन्द्रा थापा	उपसचिव	९८४१३५८८३९
४	कर्ण बहादुर कवर	उपसचिव	९८५७८२२०१२
५	नवराज निरौला	उपसचिव	९८४१८८३०४०
६	तारापति खरेल	उपसचिव	९८४५४७१८५२
७	विश्वास रोका मगर	उपसचिव	९८६१९९९३०१
८	रमेश कुमार भट्टराई	शाखा अधिकृत	९८४२६५३४३४
९	यद्धुबिक्रम थापा	शाखा अधिकृत	९८४४२१६८५४
१०	बाल कुमार श्रेष्ठ	शाखा अधिकृत	९८४१४७९९१८

११	कल्पना खनाल बस्नेत	शाखा अधिकृत	९८४१६०६२३१
१२	रमिला मैनाली	लेखा अधिकृत	९८४३१८१६५५
१३	मान बहादुर कार्की	शाखा अधिकृत	९८६३४६५५५६
१४	रामु ज्ञवाली	शाखा अधिकृत	९७४५३०८८५५
१५	मेघराज गौतम	शाखा अधिकृत	९८६००९०५२३
१६	चन्द्रावती कोईराला	नायब सुब्बा	९८४९२२०२७८
१७	रमेश प्रसाद जोशी	प्राविधिक सहायक	९८४८९००७७०
१८	भगवती रेग्मी	लेखापाल	९८४१६४६५३६
१९	उर्मिला कार्की	नायब सुब्बा	९८४३०९०१७७
२०	रानी कुमारी मल्लिक	प्राविधिक सहायक	९८४१५३९७४१
२१	अप्सरा कोइराला	कम्प्युटर अपरेटर	९८४९३५३२६२
२२	मिरा काफ्ले	कम्प्युटर अपरेटर	९८४३६३९४०७
२३	राजेश मैनाली	कम्प्युटर अपरेटर	९८५११९९११८
२४	हेम कुमार पौडेल	कम्प्युटर अपरेटर	९८१८५०३७६१
२५	गोकुल भुजेल	सवारी चालक	९८४१४८२४२७
२६	नरेश महर्जन	सवारी चालक	९८६०४९८०८८
२७	सारीता कार्की	कार्यालय सहयोगी	९८४९८१६९२१
२८	लक्ष्मी राई	कार्यालय सहयोगी	९८४१७०३३२४
२९	तृष्णा स्याङतान (लामा)	कार्यालय सहयोगी	९८५८०७९००४
३०	प्रेम कुमारी खत्री	कार्यालय सहयोगी	९८४७९१०००५

परिषद्को सङ्गठन संरचना



परिषद्को स्वीकृत दरबन्दी र पदपूर्तिको विवरण

क्र. सं.	पद नाम	श्रेणी/तह	सेवा	समूह	स्वीकृत दरबन्दी		
					दरबन्दी	पदपूर्ति	रिक्त
१	सहसचिव	रा.प. प्रथम	शिक्षा	शिक्षा प्रशासन	१	१	
२	उपसचिव	रा.प. द्वितीय	प्रशासन	सामान्य प्रशासन	१	-	१
३	उपसचिव	रा.प. द्वितीय	शिक्षा	शिक्षा प्रशासन	५	५	
४	शाखा अधिकृत	रा.प. तृतीय	प्रशासन	सामान्य प्रशासन	४	४	
५	शाखा अधिकृत	रा.प. तृतीय	शिक्षा	शिक्षा प्रशासन	३	३	
६	लेखा अधिकृत	रा.प. तृतीय	प्रशासन	लेखा	१	१	
७	नायब सुब्बा	रा.प.अनं. प्रथम	प्रशासन	सामान्य प्रशासन	२	२	
८	प्राविधिक सहायक	रा.प.अनं. प्रथम	शिक्षा	शिक्षा प्रशासन	२	२	
९	लेखापाल	रा.प.अनं. प्रथम	प्रशासन	लेखा	१	१	
१०	कम्प्युटर अपरेटर	रा.प.अनं. प्रथम	विविध		४	४	
११	हलुका सवारी चालक	श्रेणीविहीन			२	२	
१२	कार्यालय सहयोगी	श्रेणीविहीन			४	४	
	जम्मा :				**३०**	**२९**	**१**

परिषद्को केन्द्रीय कार्यालयको शाखागत कार्य विवरणः

परिषद्ले आफ्नो काम, कर्तव्य र अधिकारको कार्य सम्पादन गर्न निम्नानुसारको अधिकार प्रत्यायोजन गरी शाखागत रूपमा कार्य विवरण तोकेको छः

क. योजना तथा वैदेशिक समन्वय शाखा

१. वार्षिक योजना तथा कार्यक्रमहरू तर्जुमा गर्ने,

२. युवा विकास सम्बन्धी वार्षिक कार्यक्रमहरू तयार गर्ने,

३. युवा विकास सम्बन्धी आवधिक (अल्पकालीन, मध्यकालीन र दीर्घकालीन) योजनाहरू तयार गर्ने,

४. जिल्ला र क्षेत्रस्तरीय कार्यक्रमहरूको तर्जुमा गर्ने,

५. अन्तर्गतका निकाय तथा सम्बन्धित संस्थाबाट प्राप्त योजना तथा कार्यक्रमलाई अन्तिम रूप दिई राष्ट्रिय र प्रादेशिक योजनामा समाहित गर्न मन्त्रालय मार्फत राष्ट्रिय योजना आयोगमा सिफारिस सहित पठाउने,

६. वैदेशिक सहयोगका सम्बन्धमा युवा तथा खेलकुद मन्त्रालयका साथै अन्य मन्त्रालय, आयोग, सचिवालय र विकास साझेदारहरूसँग समन्वय र सम्बन्ध विस्तार गर्न आवश्यक कार्य गर्ने,

७. युवा विकास सम्बन्धी अन्तर्राष्ट्रिय अध्ययन र गोष्ठी, सेमिनार तथा सम्मेलन सम्बन्धी कार्य गर्ने गराउने,

८. परिषद्को युवा विकासका लागि वैदेशिक सहयोग सम्बन्धी अन्तरशाखा समन्वयकारी कार्य गर्ने,

९. युवा विकास र परिचालनका लागि अन्तर्राष्ट्रिय सम्झौता सम्बन्धी कार्य गर्ने,

१०. परिषद्को जनशक्ति विकास सम्बन्धी कार्यक्रमका लागि वैदेशिक सहयोगको परिचालन गर्न पहल गर्ने,

११. युवाको विकास र विस्तारका लागि वैदेशिक सहयोग सम्भाव्यता र आवश्यकताको क्षेत्र पहिचान गर्ने,

१२. युवाको विकास र विस्तारका लागि वैदेशिक सहयोग गर्ने विभिन्न वैदेशिक दातृ निकायहरूबिचको सम्बन्ध सम्बन्धी कार्य गर्ने,

१३. परिषद्को मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,

१४. आफ्नो शाखासँग सम्बन्धित कामहरू एवम् अन्य निर्देशित कार्यहरू सम्पादन गर्ने ,

१५. अन्य तोकिएका कार्यहरू सम्पादन गर्ने ।

ख. प्रशासन, अनुगमन, मूल्याङ्कन तथा आन्तरिक व्यवस्थापन शाखा

१. कर्मचारीको नियुक्ति, कार्यसम्पादन मूल्याङ्कन, हाजिरी, बिदा, बढुवा, पुरस्कार, दण्ड, निवृत्तिभरण, अवकाश, उपदान, काज र सरुवा जस्ता कार्य गर्ने,

२. कर्मचारीको अभिलेख सम्बन्धी कार्यहरू गर्ने,

३. सङ्गठन संरचना, दरबन्दी हेरफेर र कर्मचारी प्रशासन सम्बन्धी अन्य कार्यहरू गर्ने,

४. अन्य मन्त्रालय/निकायका कर्मचारी प्रशासनसँग समन्वय र पत्राचार गर्ने कार्यहरू गर्ने,

५. निजामती सेवा पुरस्कार तथा पदहरूको सिफारिस, उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने सम्बन्धी कार्यहरू गर्ने,

६. कार्यालयका विभिन्न पदाधिकारी एवम् कर्मचारीहरूको जिम्मेवारी तोक्ने एवम् हेरफेर गर्ने कार्यहरू गर्ने,

७. कार्यालयको विद्युतीय हाजिरी सम्बन्धी कार्यहरू गर्ने,

८. स्वदेशी तथा विदेशी तालिम, छात्रवृत्ति, अध्ययन आदिको मनोनयन र सोसँग सम्बन्धित कार्यहरू गर्ने,

९. परिषद्को जिन्सी सम्पत्ति र सरसामानहरूको सुरक्षा व्यवस्था मिलाउने,

१०. खरिद योजनाको निर्माण गर्ने र खरिद सम्बन्धी कार्य गर्ने ।

ग. सामाजिक सङ्घ-संस्था समन्वय शाखा

१. राष्ट्रिय युवा परिषद्सँग आबद्ध हुन चाहने सङ्घ-संस्थाहरूलाई आबद्धता प्रदान गर्नेसम्बन्धी आवेदनहरू सङ्कलन गरी प्रशासकीय प्रमुखसमक्ष पेस गर्ने,

२. राष्ट्रिय युवा परिषद्बाट आबद्धता लिएका सङ्घ-संस्थाहरूको आबद्धता नवीकरण सम्बन्धी विवरण अद्यावधिक गरी राख्ने,

३. राष्ट्रिय युवा परिषद्बाट आबद्धता लिएका सङ्घ-संस्थाहरूले पेस गरेका प्रतिवेदनहरू प्रशासकीय प्रमुख समक्ष पेस गर्ने,
४. युवा क्षेत्रसँग सम्बन्धित काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूको समष्टिगत तथा विषयगत प्रोफाइल तयार गर्ने,
५. शाखासँग सम्बन्धित कार्यक्रमहरूको कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने,
६. स्वीकृत कार्यक्रमको कार्यान्वयन योजना तथा अनुगमन योजना तयार गर्ने,
७. युवा क्षेत्रसँग सम्बन्धित काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूबाट वार्षिक प्रतिवेदन सङ्कलन गर्ने गराउने,
८. शाखासँग सम्बन्धित कामहरूको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयारी सम्बन्धी कार्य गर्ने,
९. युवा क्षेत्रसँग सम्बन्धित काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूले आयोजना गर्ने तालिम, कार्यशाला, भ्रमण तथा अन्य कार्यक्रमहरूमा कार्यालय प्रमुखको आदेशानुसार सहभागी हुने,
१०. जिल्ला युवा समिति र स्थानीय सङ्घ-संस्थाबिच समन्वय र सहकार्य सम्बन्धी भएका कार्यहरूको अभिलेख व्यवस्थित गरी राख्ने,
११. सालबसाली रूपमा स्वीकृत कार्यक्रमहरूमध्ये आफ्नो शाखासँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने,
१२. शाखासँग सम्बन्धित परिपत्रहरू व्यवस्थित रूपमा राख्ने र कार्यान्वयन गर्ने,
१३. शाखासँग सम्बन्धित कामहरू एवम् प्रशासकीय प्रमुखबाट निर्देशित अन्य कार्यहरू गर्ने गराउने ।

घ. सूचना प्रविधि शाखा

१. राष्ट्रिय युवा परिषद्को वेबसाइट, नोटिसबोर्ड सेवा तथा आधिकारिक सामाजिक सञ्जाल विकास तथा अद्यावधिक गर्ने गराउने,

२. नागरिक बडापत्रको व्यवस्था गरी कार्यालयबाट सम्पादन गरिने कार्यहरूका बारेमा सेवाग्राहीहरूलाई सहज ढङ्गले सूचना उपलब्ध गराउने र आफ्नो शाखाबाट सम्पादन गरिने कामहरू समयमा नै सम्पादन गर्ने गराउने,

३. युवा सूचना केन्द्र तथा अन्य निकायहरूबाट सञ्चालित कार्यक्रमलाई एकीकृत सूचना प्रणालीमा आबद्ध गर्ने गराउने,

४. विभिन्न निकायहरूबाट सञ्चालित युवा सम्बन्धी कार्यक्रमहरूका तथ्याङ्कहरू प्राप्त गरी अद्यावधिक गर्ने गराउने,

५. प्राप्त सूचनाहरू परिमार्जन तथा प्रशोधन गरी ती सूचनाहरूमा युवाहरूको सहज पहुँच पुग्ने व्यवस्था मिलाउने,

६. युवा सम्बन्धी लेख, रचना सङ्कलन, प्रकाशन तथा सन्देशमूलक प्रचार-प्रसार सामग्री उत्पादन गरी विभिन्न सञ्चार माध्यमहरूद्वारा प्रचार-प्रसार गर्ने गराउने,

७. युवा सूचना केन्द्र तथा विभिन्न निकायका सूचना केन्द्रहरूबिच सामञ्जस्यता कायम गर्न पहल गर्ने,

८. राष्ट्रिय युवा परिषद् अन्तर्गतका युवा सूचना केन्द्रहरूका लागि तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

९. जिल्ला युवा कार्यालयहरूबाट युवा उपयोगी सूचनाको सङ्कलन, प्रवाह र सम्प्रेषण सम्बन्धी कार्यहरू गर्ने,

१०. सूचना तथा तथ्याङ्कहरू एकीकृत तथा विकास गर्नका लागि आवश्यक ढाँचाहरूको विकास गर्न अध्ययन अनुसन्धान गर्ने गराउने,

११. शाखाको मासिक,चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने,

१२. परिषद्को क्षमता विकासका लागि आवश्यक सफ्टवेयरहरू निर्माण गर्ने गराउने,

१३. परिषद्, युवा सूचना केन्द्र र अन्य सूचना प्रदायक निकायहरूबिच सञ्जाल निर्माण गर्ने,

१४. परिषद्लाई सूचनामैत्री, आधुनिक डिजिटाइज्ड कार्यालयको रूपमा विकास गर्न प्रयास गर्ने तथा कार्यालय परिसर सूचनामूलक र सेवाग्राहीमैत्री बनाउने

१५. सञ्चार क्षेत्रसँग आवश्यक समन्वय गर्ने र परिषद्ले सम्पादन गरेका महत्त्वपूर्ण, युवामैत्री र जनसरोकारका विषयहरूलाई सञ्चार माध्यमबाट सम्प्रेषण/सूचना प्रवाह गर्ने,

१६. परिषद्को सूचना अधिकारीको रूपमा कार्य गर्ने,

१७. शाखासँग सम्बन्धित कार्यहरू तथा अन्य निर्देशित कार्यहरू तोकिएको समयभित्र सम्पादन गर्ने,

१८. शाखामा निर्माण भएका सबै सूचना तथा अभिलेखहरूलाई सुरक्षित रूपमा राख्ने ।

ङ. युवा तालिम तथा अनुसन्धान शाखा

१. युवाहरूको क्षमता विकास तथा सिप विकास सम्बन्धी अल्पकालीन र दीर्घकालीन तालिमको योजना निर्माण तथा कार्यान्वयन गर्ने,

२. विभिन्न संस्थाहरूबाट सञ्चालित युवालक्षित तालिमको समन्वय गर्ने,

३. विभिन्न विषयगत तालिमका विषयवस्तु (content) नमुना सामग्री, प्याकेज तथा मोड्युलहरू विकास गर्ने,

४. जिल्ला युवा समितिको कार्यालय तथा युवा सूचना केन्द्रमा कार्यरत कर्मचारीहरू तथा अन्य युवाहरूको क्षमता विकास गर्न मागमा आधारित तालिम सञ्चालन गर्ने गराउने,

५. राष्ट्रिय युवा परिषद्लगायत केन्द्रीय निकायहरूमा युवाहरूको सकारात्मक चिन्तन, क्षमता विकास तथा युवा उद्यमशीलता तर्फ आकर्षण गर्ने उत्प्रेरक तालिम निरन्तर रूपमा सञ्चालन गर्ने,

६. प्राप्त सूचनाहरू परिमार्जन तथा प्रशोधन गरी ती सूचनाहरूमा युवाहरूको सहज पहुँच पुग्ने व्यवस्था मिलाउने,

७. तालिम प्रदायक निकायहरूबिच समन्वय गरी सञ्जाल निर्माण गर्ने र समान प्रकृतिका तालिमहरू एकीकृत रूपमा सञ्चालन गर्ने वातावरण तयार गर्ने,

८. युवा सूचना केन्द्र तथा विभिन्न निकायका सूचना केन्द्रहरूबिच समाञ्जस्यता कायम गर्न पहल गर्ने,

९. राष्ट्रिय युवा परिषद् अन्तर्गतका युवा सूचना केन्द्रहरूका लागि तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, युवा उद्यमशीलता, क्षमता अभिवृद्धि तथा स्वरोजगार सम्बन्धी र दिगो विकास सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गरी नीति निर्धारणमा सहयोग गर्ने,

१०. युवा सम्बन्धी अनुसन्धान तथा विकाससँग सम्बन्धित कार्यमा सहयोग र समन्वय गर्ने,

११. अनुसन्धानबाट प्राप्त निष्कर्षहरूको प्रचार-प्रसार गराउने,

१२. परिषद्को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुसन्धान कार्ययोजना तथा मूल्याङ्कन सूचकहरू तयार गरी स्वीकृतिका लागि पेस गर्ने,

१३. स्वीकृत कार्य योजना अनुसार कार्यक्रम कार्यान्वयनको आवश्यकतानुसार अनुगमन एवम् निरीक्षण गरी यस सम्बन्धी पृष्ठपोषण प्राप्त गर्ने,

१४. कार्यक्रम कार्यान्वयनमा देखा परेका बाधा अड्काउ हटाउने र समस्या समाधान गर्न सहयोग गर्ने,

१५. शाखाको मासिक,चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,

१६. आफ्नो शाखासँग सम्बन्धित कामहरू एवम् अन्य निर्देशित कार्यहरू तोकिएको अवधिभित्रै सम्पादन गर्ने,

१७. शाखामा निर्माण भएका सबै सूचना तथा अभिलेखहरूलाई सुरक्षित रूपमा राख्ने ।

च. युवा विकास तथा उद्मप्रवर्द्धन शाखा

१. युवा विकास सम्बन्धी कार्य गर्ने गराउने,

२. युवा सम्बन्धी नीति कार्यक्रम, कार्यक्रमको कार्यान्वयन तथा समन्वय सम्बन्धी कार्य गर्ने गराउने,

३. युवा विकास तथा उद्यम प्रवर्द्धन सम्बन्धी वार्षिक कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि पेस गर्ने,

४. स्वीकृत वार्षिक कार्यक्रमको कार्ययोजना तयार गरी गराई सोअनुरूप कार्य सम्पादन गर्ने गराउने,

५. युवा विकास तथा अन्य सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन पेस गर्ने,
६. शाखाको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने र गर्न लगाउने,
७. उद्यम सञ्चालन गरेका सरकारी तथा गैरसरकारी सङ्घ-संस्थासँग समन्वय गरी उद्यम क्षेत्र पहिचान गर्ने,
८. सरकारी निकायबाट सञ्चालन भएका युवा विकास तथा उद्यमहरूको अभिलेख राख्न लगाउने,
९. युवा उद्यम समूह तथा युवासम्बद्ध सङ्घ-संस्थाहरूको सञ्जाल बनाई युवा उद्यमशीलता तथा विकासका लागि परिचालन गर्ने ।

४. निकायवाट प्रदान हुने सेवाहरुः

यस निकायबाट १६-४० वर्षका युवाहरूलाई देहायका सेवाहरू प्रदान गरिन्छ ।

- तालिम तथा क्षमता विकास
- युवा परिचालन सहभागिता र नेतृत्व विकास
- गुणस्तरीय व्यवसायिक शिक्षा
- रोजगारी उधमशिलता सिपविकास
- स्वास्थ्य रसामाजिक सुरक्षा
- खेलकुद र मनोरञ्जन
- उद्यमशिलता वितिय शाक्षरता तालिम प्रदान
- युवा मार्गदर्शन तथा परामर्श
- स्वयंसेवक विकास तथा परिचालन
- सञ्चार माध्यमसंग सहकार्य तथा समन्वय र प्रचारप्रसार
- युवा लक्षित फोटो भिडियो डकुमेन्टरी निमार्ण
- Start up कार्यक्रमका लगि सहुलियतपूर्ण कर्जा सहजीकरण
- नवप्रवर्तन तथा अनुसन्धान को सुविधा उपलव्ध
- लोकतन्त्र, संसदीय अभ्यास सम्वन्धी क्षमता विकास
- विभिन्न संसस्थासंग समन्वय,सहकार्य र सांझेदारी
- वित्तिय शाक्षरता सम्वन्धी तालिम
- युवा प्रतिभा खोजी र प्रोत्साहन कार्यक्रम
- E-Library को सुविधा उपलव्ध
- कम्प्यूटर ल्यावको उपलव्धता
- यूवा उद्यम विकास कार्यक्रम ।

५.राष्ट्रिय युवा परिषद् अन्तर्गत ११ वटा सञ्जालहरु गठन भई देहाय अनुसार रहेकाछनः

क्रसं.	सञ्जालको नाम	व्यक्तिको नाम	पद	सम्पर्क नं	गठन मिति	म्याद समाप्त हुने मिति
१	उद्यमी युवा सञ्जाल	शुशील पराजुली	अध्यक्ष	९८५१०९७३१५	२०८२१६/२/	२०८४।२।१५
२	पर्यटन क्षेत्रमा काम गर्ने युवा पथप्रदर्शक सञ्जाल	अनुप सुवेदी	अध्यक्ष	९८४१३०८७२०	२०८२६/२/	२०८४।२।५
३	स्थानीय प्रदेश/र संघीय युवा क्लवमा आवद्ध युवा सञ्जाल	आयुष श्रेष्ठ	अध्यक्ष	९७४१७६५४८९	२०८२२८/१/	२०८४।१।२७
४	लैंगिक तथा यौनिक अल्पसंख्यक समूहका युवा (LGBTIQ) सञ्जाल	भक्ति शाह	अध्यक्ष	९८४१३५३९६०	२०८१ १०/ ६/	२०८३।१०।५
५	राष्ट्रिय युवा परिषदसंग आवद्ध सामाजिक संघसंस्थाहरूमा काम गर्ने युवा सञ्जाल	नारायण गिरी	अध्यक्ष	९८५११२३०४८	२०८११/०९/ ८	२०८३।९।१७
६	शहिद तथा वेपत्ता परिवार योद्धा युवा सञ्जाल	आरती शर्मा	अध्यक्ष	९८५१२२६३५१	२०८१/१ /२४	२०८३।०१।२ ३
७	स्वास्थ्यकर्मी युवा सञ्जाल	अस्मीता पाठक	अध्यक्ष	९८६५९९५५६३	२०८२२५/१/	२०८४।२।२४
८	कला साहित्य क्षेत्रमा काम/गर्ने युवा सञ्जाल	रामप्रसाद अवस्थी	अध्यक्ष	९८५११९२६३९	२०८११/०९/ ८	२०८३।९।१७
९	परम्परागत सीपमा आधारित युवा सञ्जाल	राज कार्की	अध्यक्ष	९८५१०५४७१४	२०८२।२।१६	२०८४।२।१५
१०	वैकल्पिक हेरचाहमा हुर्कीएका युवा सञ्जाल	विनायक मानन्धर	अध्यक्ष	९८४१०५५५६५	२०८००/१०/ ९	२०८२।१०।८
११	घरेलु श्रमिक महिला युवा सञ्जाल	गोमा भण्डारी	अध्यक्ष	९८४३३०५६६०	२०८२।१।२६	२०८४।२।२५

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर

नागरिक बडापत्र (Citizen Charter)

क्र.सं.	सेवाको प्रकार	कार्य प्रक्रिया	लाग्ने शुल्क	समय	शाखाको नाम	कोठा नं.	गुनासो सुन्ने व्यक्ति
१	गुनासो व्यवस्थापन	- कार्यालयको कार्यसम्पादनसँग सम्बन्धित विषयमा सरोकारवालाहरूबाट लिखित वा मौखिक गुनासो राख्न सकिने ।	निःशुल्क	गुनासोको प्रकृति हेरी गुनासो प्राप्त भएको सोही दिन	प्रशासन, अनुगमन, मूल्याङ्कन तथा आन्तरिक व्यवस्थापन शाखा	६	प्रशासकीय प्रमुख (कोठा नं २)
२	सेवा आपूर्तिका लागि सूची दर्ता	- परिषदले तोकेको समयावधिभित्र देहायका कागजातहरू सहित निवेदन दर्ता गर्नुपर्ने । (क) संस्था वा फर्म दर्ता प्रमाणपत्र (ख) नवीकरण (ग) कर चुक्ता प्रमाण (घ) कारोवारको प्रकृति (ङ) प्रदान गर्न सकिने सेवाहरू आदि खुलाइएको हुनुपर्ने ।	निःशुल्क	सूचना प्रकाशन भएको १५ दिन भित्र	,,	६	प्रशासकीय प्रमुख (कोठा नं २)
३	संघसंस्था आवद्धता सम्बन्धी कार्य	- आवेदन संकलन, आवश्यकता अनुसार अनुगमन, प्रक्रिया पुगेका संघसंस्थाको आवद्धताको सिफारिस तथा आवद्धता प्रदान गर्ने।	रु. ३००० (पाँच वर्षका लागि)	निरन्तर	सामाजिक संघसंस्था समन्वय शाखा	१३	प्रशासकीय प्रमुख (कोठा नं २)
४	संघसंसस्था को आवद्धता नवीकरण	- युवा परिषदमा आवद्ध संघसंस्थाको आवद्धताको म्याद समाप्त भएपछि नवीकरणका लागि सूचनामा तोकिएको कागजात संलग्न राखी निवेदन दिनुपर्ने ।	रु. ३०००	नियमित	सामाजिक संघसंस्था समन्वय शाखा	१३	प्रशासकीय प्रमुख (कोठा नं २

५	उद्यमशिलता विकास तथा वित्तीय साक्षरता सम्बन्धी तालिम	• १६-४० वर्षका, आधारभूत तह उत्तीर्ण, उद्यम वा व्यवसाय गर्न इच्छुक नेपाली युवाले परिषदमा आई निवेदन दिन वा इमेल मार्फत निवेदन दिन सकिने । • निवेदन दर्ताका आधारमा क्रमशः निःशुल्क तालिम प्रदान गरिने	निःशुल्क	निवेदकको पालो आएपछि क्रमशः	युवा तालिम तथा अनुसन्धान शाखा	११ र ८	प्रशासकीय प्रमुख (कोठा नं २)
६	युवा उद्यम कार्यक्रम	• युवा उद्यम कार्यक्रम निर्देशिका २०७३ बमोजिमको प्रक्रियामा इच्छुक युवा उद्यम समूहले व्यवसायिक योजना (Business Plan) समेत संलग्न राखी निवेदन पेश गर्ने • उद्यम छनौट समितिले मूल्याङ्कन गरी सिफारिस गरेका उद्यम समूहहरूले कार्यकारी समितिको निर्णय बमोजिम पाँच वर्षका लागि बढीमा ५ लाख सम्म विना धितो विना ब्याज उद्यमका लागि तोकिएको वित्तीय संस्था/सहकारी मार्फत कर्जा प्राप्त गर्न सक्ने	निःशुल्क	परिषदको सूचनामा उल्लेख भएको समायबधि भित्र	युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा	११	प्रशासकीय प्रमुख (कोठा नं २)
७	युवा अनुभव आदानप्रदान कार्यक्रम	• युवा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन कार्यविधि बमोजिम छनौट भएका विभिन्न क्षेत्रका युवाहरूका लागि एक हफ्ता सम्मका लागि अन्तर प्रदेशस्तरीय अवलोकन भ्रमणमा सहभागी गराइने	निःशुल्क	परिषदको सूचनामा उल्लेख भएको समायबधि भित्र	योजना तथा वैदेशिक समन्वय शाखा	४	प्रशासकीय प्रमुख (कोठा नं २)
८	युवा परिषदसंग		निःशुल्क	परिषदको सूचनामा	सामाजिक संघसंस्था	१३	प्रशासकीय प्रमुख

	आवद्ध संघसंस्थाहरू तथा अन्य निकायहरू संग साझेदारी कार्यक्रम	• सो सम्बन्धी कार्यविधिमा तोकिए बमोजिमको निवेदन तथा तोकिएको ढाँचामा प्रस्तावना पत्र परिषदमा पेश गर्नुपर्ने • सहकार्यका लागि छनौट भएको संस्थासंग द्विपक्षीय सम्झौता गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने		उल्लेख भएको समय भित्र	समन्वय शाखा		(कोठा नं २)
९	युवा प्रतिभाको खोजी र प्रोत्साहन कार्यक्रम	• कार्यविधि बमोजिम स्थानीय तह प्रदेश तह र संघीय तहमा तोकिएको विषय शीर्षकमा प्रतिस्पर्धा गर्न सकिने • उत्कृष्ट युवा प्रतिभालाई नगद पुरस्कार सहित सम्मान गरिने ।	निःशुल्क	परिषदको सूचनामा उल्लेख भएको समय भित्र स्थानीय प्रदेश र संघीय तहमा कार्यक्रम सञ्चालन हुने	योजना तथा वैदेशिक समन्वय शाखा	४	प्रशासकीय प्रमुख (कोठा नं २)
१०	युवा परामर्श सेवा	• १६-४० वर्षका युवाले चाहेको विषयमा मागमा आधारित एकदिवसीय निःशुल्क परामर्श सेवा प्रदान गरिने • इच्छुक युवाले व्यक्तिगत रुपमा निवेदन दिन वा अनलाइनबाट आवेदन गर्न सकिने वा संस्थागत रुपमा सामुहिक परामर्शका लागि माग गर्न सकिने	निःशुल्क	श्रावण देखि असार सम्म	मनोपरामर्श शाखा	१३	प्रशासकीय प्रमुख (कोठा नं २)
११	युवा क्लब तथा युवा संसद स्थापना र अभ्यास	• युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ बमोजिमको प्रक्रिया पूरा गरी स्थानीय वडाक्लबको सदस्य बन्न सकिने । • वडाक्लबको सिफारिसमा गाउँ/नगर स्तरीय युवा	निःशुल्क	सम्बन्धित स्थानीय तह र केन्द्रले तोकेको समयाबधि भित्र	सूचना प्रविधि शाखा	१४	प्रशासकीय प्रमुख (कोठा नं २)

		संसदको प्रतिनिधिका रुपमा सहभागी हुन सकिने • गाउँ/नगर स्तरीय युवा संसदको सिफारिसमा प्रदेश स्तरीय युवा संसद र प्रदेश स्तरीय युवा संसदको सिफारिसमा संघीय युवा संसदमा सहभागी बन्न सकिने					
१२	अपाङ्ग युवाका लागि सहयोग सामग्री वितरण	• १६-४० वर्ष उमेर समूहका अपाङ्ग युवाले जिल्ला युवा समितिको कार्यालयमार्फत् वा व्यक्ति स्वयंले परिषदमा निवेदन दिन सक्ने । • निवेदनसाथ नेपाली नागरिकता, अपाङ्गता परिचय पत्र र लिन चाहेको सहयोग सामग्रीको विवरणसहित पेश गर्ने • माग बमोजिमको सहयोग सामग्री निःशुल्क उपलब्ध हुने ।	निःशुल्क	निरन्तर	सामाजिक संघसंसंस्था समन्वय शाखा	१३	प्रशासकीय प्रमुख (कोठा नं २)
१३	युवामैत्री स्थानीय तह विकास तथा प्रोत्साहन कार्यक्रम	युवामैत्री स्थानीय तह दिग्दर्शन बमोजिम परिषदले तय गरेको कार्यविधि अनुसार छनौट भएका स्थानीय नमूना गाउँ/नगरलाई तोकिएक बमोजिमको पुरस्कार तथा सम्मान पत्र प्रदान गरिने	निःशुल्क	परिषदले तोकेको समयाबधि भित्र	योजना तथा वैदेशिक समन्वय शाखा	४	प्रशासकीय प्रमुख (कोठा नं २)
१४	परिषदसँग सम्बन्धित सूचना प्रदान	• निवेदन र नागरिकताको प्रतिलिपि संलग्न राखी प्रयोजन खुलाएर पेश गर्नुपर्ने । • सूचनाको हक सम्बन्धी निवेदनको कारवाही र किनारा गर्ने आन्तरिक	पाँच पृष्ठसम्म निःशुल्क र सोभन्दा बढी भएमा प्रतिपृष्ठ रु ५	तुरुन्त	सूचना प्रविधि शाखा	१४	प्रशासकीय प्रमुख (कोठा नं २)

		कार्यविधि बमोजिम सूचना उपलब्ध गराइनेछ ।					
१५	अध्ययनका लागि पुस्तक उपलब्ध हुने	• पुस्तकालय सहायकसँग परिचय पत्र देखाई बढीमा तीन घण्टासम्म वाचनालयमा बसेर अध्ययन गर्न सकिनेछ	निःशुल्क	तुरुन्त	सूचना प्रविधि शाखा	१४	प्रशासकीय प्रमुख (कोठा नं २)
१६	इ-लाइब्रेरीको सुविधा उपलब्ध	• सूचना प्रविधि शाखामा निवेदन दिनुपर्ने । • कार्यालय समय भित्र बढीमा तीन घण्टासम्म इ-लाइब्रेरीको प्रयोग गर्न सकिने ।	निःशुल्क	तुरुन्त	सूचना प्रविधि शाखा	१४	प्रशासकीय प्रमुख (कोठा नं २)
१७	कम्प्युटर ल्याबको सुविधा उपलब्ध	• इच्छुक युवाले आ-आफ्नो परिचय पत्रसाथ निवेदन दिने र अफिस समयमा प्रतिदिन ३ घण्टासम्म कम्प्युटर ल्याब भित्र बसी कम्प्युटर प्रयोग गर्न सक्ने	निःशुल्क	तुरुन्त	सूचना प्रविधि शाखा	१४	प्रशासकीय प्रमुख (कोठा नं २)
१८	फ्रि वाइफाइको सुविधा	• परिषदको प्राङ्गण भित्र प्रवेश गर्ने हरेक युवा तथा सरोकारवालाहरूलाई मागको आधारमा निरन्तर फ्रि वाइफाइको सुविधा उपलब्ध हुनेछ ।	निःशुल्क	तुरुन्त	,,	परिषद परिसर	प्रशासकीय प्रमुख (कोठा नं २)
१९	युवाहरुको लागि सिपमेला तथा रोजगारमुलक सिप विकास कार्यक्रम	• माग आवेदन संकलन • सहभागी छनौट • सार्वजनिक ऐन नियमानुसार Ftps छनौट • तालिम सञ्चालन	निःशुल्क	निरन्तर	युवा तालिम तथा अनुसन्धान शाखा	११ र ०८	शाखा प्रमुख
• यस परिषदबाट प्रवाह गरिने सेवा सम्बन्धी कुनै गुनासो वा सुझाव भएमा परिषदका कार्यकारी उपाध्यक्षज्यू समक्ष सिधै राख्न सक्नुहुनेछ (कोठा नं. १)							

नोटः

(१) यस परिषदसँग सम्बन्धित कुनैपनि डकुमेन्टहरू (राष्ट्रिय युवा नीति २०८२, युथभिजन २०२५, राष्ट्रिय युवा परिषद ऐन २०७२, युवा परिषद नियमावली २०७३, कार्यक्रम कार्यान्वयन निर्देशिका, विभिन्न निर्देशिका एवं कार्यविधिहरू, आवधिक रुपमा प्रकाशन हुने बुलेटिन, ब्रोशियर तथा सूचनाको स्वतःस्फुर्त प्रकाशन (Proactive disclosure of information)यस परिषदको वेभसाइट **www.nyc.gov.np** बाट डाउनलोड गरी हेर्न सक्नुहुनेछ

(२) यस परिषदसँग सम्बन्धित विविध जानकारी तथा गतिविधिहरूका बारेमा जानकारी लिनका लागि यस परिषदको अफिसियल फेसबुक पेज National Youth Council Nepal/ राष्ट्रिय युवा परिषद नेपालमा हेर्न सक्नुहुनेछ ।

(३) यस परिषदसँग कुनै गुनासो भएमा वा परिषदलाई कुनै सुझाव दिन चाहनु हुन्छ भने यस परिषद्को इमेल **info@nyc.gov.np** मा मेल पठाउन सक्नुहुनेछ वा सुझाव लेखी परिषदको प्राङ्गणमा रहेको सुझाव पेटिकामा राख्न सक्नुहुनेछ ।

(४) परिषदसँग सम्बन्धित नयाँ सूचनाहरू प्राप्त गर्नका लागि यस परिषदको नोटिसबोर्ड सेवा १६१८०१६६३५८३५ मा डायल गरी सुन्न सक्नुहुनेछ ।

(५) परिषदसँग सम्बन्धित कुनै लिखित तथा मौखिक सूचनाहरू प्राप्त गर्नका लागि सूचना अधिकारीसँग संपर्क राख्नुहुन समेत अनुरोध छ ।

कार्यकक्षहरूको विवरण

कोठा नं, १	कार्यकारी उपाध्यक्षको कार्यकक्ष र सचिवालय
कोठा नं, २	प्रशासकीय प्रमुख कार्यकक्ष
कोठा नं, ३	आर्थिक प्रशासन शाखा
कोठा नं, ४	योजना तथा वैदशिक समन्वय शाखा
कोठा नं, ५.६, ७	प्रशासन अनुगमन मूल्याँकन तथा आन्तरिक व्यवस्थापन शाखा
कोठा नं, ८,१५	युवा तालिम तथा अनुसन्धान शाखा
कोठा नं.११	युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा
कोठा नं.१३	सामाजिक सङ्घ-संस्था समन्वय शाखा
कोठा नं.१४,१२	सूचना प्रविधि शाखा
कोठा नं.१६	भण्डार
परिषद्को कार्यालयभित्र प्रबेश गर्ने मूलढोकाको दायाँतिर	सोधपुछ कक्ष /दर्ता चलानी कक्ष

६. निकायका शाखाहरू र जिम्मेवार अधिकारीः

क्र.स.	शाखा	जिम्मेवार अधिकारी	कोठा नं.	कैफियत
	राष्ट्रिय युवा परिषद्	कार्यकारी उपाध्यक्ष	१	
		प्रशासकीय प्रमुख	२	
१.	योजना तथा वैदेशिक समन्वय शाखा	शाखा प्रमुख शाखा अधिकृत नायब सुब्बा	४	
२.	प्रशासन, अनुगमन, मूल्याङ्कन तथा आन्तरिक व्यवस्थापन शाखा	शाखा प्रमुख शाखा अधिकृत नायब सुब्बा	५,६,७, १६	
	आर्थिक प्रशासन शाखा	लेखा अधिकृत लेखापाल	३	
३.	सामाजिक सङ्घ-संस्था समन्वय शाखा	शाखा प्रमुख शाखा अधिकृत नायब सुब्बा	१३	
४.	सूचना प्रविधि शाखा	शाखा प्रमुख शाखा अधिकृत	१२,१४	
५.	युवा तालिम तथा अनुसन्धान शाखा	शाखा प्रमुख शाखा अधिकृत प्राविधिक सहायक	८,१५	
६.	युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा	शाखा प्रमुख शाखा अधिकृत प्राविधिक सहायक	११	

नोटः शाखा प्रमुख र शाखा अधिकृतहरूले प्रशासकीय प्रमुखबाट अधिकार प्रत्यायोजन भए अनुसार सबै शाखाहरूको मुख्य जिम्मेवार कर्मचारीको रुपमा काम गर्ने ।

७.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

सेवाको प्रकृति अनुसार लाग्ने छ ।विस्तृत विवरण राष्ट्रिय युवा परिषदको कार्यालयको नागरिक वडापत्रमा विस्तृत विवरण उल्लेख गरी यस कार्यालयको परिसर र वेबसाइट www.nyc.gov.np मा राखिएको छ ।

८. निर्णय गर्ने प्रक्रिया र अधिकारः

निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन ,२०६४ तथा नियमावली २०६५,सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका २०६५, सूचनाको हक सम्वन्धी ऐन २०६४ लगायतका प्रचलित कानुन बमोजिम निर्णय गर्ने ।
- निर्णय गर्ने अधिकारी

  -कार्यकारी उपाध्यक्ष

  -प्रशासकीय प्रमुख

  -शाखा प्रमुख र शाखा अधिकृतहरुःकार्यकारी उपाध्यक्ष र प्रशासकीय प्रमुखबाट अधिकार प्रत्योजन भए बमोजिम ।

९.निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- कार्यकारी उपाध्यक्ष रिक्त (कार्यकक्ष कोठा नं.१ सम्पर्क नमबरः
- प्रशासकीय प्रमुख श्री गेहनाथ गौतम (कार्यकक्ष कोठा नं. २ सम्पर्क नम्बरः ९८४१३१४५७९)
- प्रचलित कानुन बमोजिम राष्ट्रय युवा परिषदले सम्पादन गरेका कार्य सम्वन्धमा परेका उजुरी र निर्णय सुन्ने अधिकारी कार्यकारी उपाध्यक्ष र प्रशासकीय प्रमुख वा अधिकार प्रत्योजन गरी अधिकार प्राप्त अन्य पदाधिकारी ।

१०. आ.व.२०८२।०८३ मा श्रावन महिना देखि पुषमसान्तसम्म सम्पादन गरेका कामको विवरणः

१०.१ युवा तालिम तथा अनुसन्धान शाखाः

(क) युवाहरुका लागि सिपमेला तथा रोजगारमुलक सीप विकास कार्यक्रमः

- मन्त्रीज्यूको अध्यक्षतामा रोजगारमुलक सिपविकास कार्यक्रम सम्वन्धी सरोकारवाला तथा विज्ञसंग छलफल,
- माग संकलनका लागि सूचना प्रकाशन
- माग आबेदन संकलन
- तालिम सञ्चालनका लागि सार्वजनिक खरिद ऐन नियम अनुसार बोलबत्र आह्यवान,
- बोलपत्रको मूल्यांकन तथा डेटा विश्लेशन जस्था कार्य सञ्चालन भइरहेको छ,
- तालिम प्रदायक संस्थाहरुको संक्षिप्त सूची प्रकाशन ।

युवाहरुका लागि सिप मेला तथा रोजगारमूलक सिपविकास तालिम कार्यक्रम कार्यान्वयन प्रकृया र अवस्थाः

यस परिषद्को आ. व.२०८२।०८३ मा स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत [ख. शि. नं. २२५१२/ संकेत नं. २.६.४.१६युवाहरुका लागि सिप मेला तथा रोजगारमूलक सिपविकास तालिम कार्यक्रममा रु ३५९लाख रकम विनियोजन भएको ।

कानुनी आधार र मार्गदर्शन

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा नियमावली, २०७३ , सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४, रोजगारमूलक सिपविकास तालिम कार्यक्रम संचालन मार्गदर्शन, २०८१, राष्ट्रिय युवा परिषद्को कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८२/८३ र अन्य सम्बन्धित प्रचलित कानुनहरु ।

कार्यक्रम कार्यान्वयन अवस्था र प्रकृया

- मिति २०८२।०४।१८ गते युवा तथा खेलकुद मन्त्रालयमा माननीय मन्त्री तेजुलाल चौधरीको अध्यक्षतामा सिपविकास तालिमसँग सम्बन्धित बिषयगत मन्त्रालयहरु, तालिम संचालन गर्ने सरकारी संस्थाहरु, नगरपालिका संघ तथा गाउपालिका महासंघ, FNCCI, रोजगारदाता संघसंस्थाहरु लगायतका ३८ निकायको सहभागितामा समन्वय तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी मिति २०८२।०४।२० गते सूचना प्रकाशन गरिएको । ७८ वटा स्थानीय तह र रोजगारदाता निकायहरुबाट ३६ तालिमका बिषयमा १६४६० जनाको लागि माग प्राप्त भएको।
- सो मागका आधारमा रोजगारमूलक सिपविकास तालिम कार्यक्रम संचालन मार्गदर्शन, २०८१ को दफा ५ बमोजिमको निर्देशक समितिको मिति २०८२।०७।३० गतेको बैठकबाट बढी माग भएका १३ वटा तालिमका विषयहरु छनोट गरिएको । मिति २०८२।०७।३० गते र २०८२।०८।०७ गते आफूले चाहेको तालिमको विषय र पायक पर्ने स्थान (स्थानीय तह) छनोट गरी माग आवेदन पेश गर्न सार्वजनिक सूचना प्रकाशन भई सोका आधारमा १३ वटा तालिमका बिषयमा कूल १९५१७ जनाको माग आवेदनहरु प्राप्त भएको ।
- पायक पर्ने स्थान (स्थानीय तह) का आधारमा एउटा तालिमको बिषयमा एउटा पालिकामा कम्तिमा २० जना माग आवेदन भएका पालिकाहरु सूचीकृत गरी प्रदेशगत रुपमा बढि माग भएका पालिका र तालिमका बिषयहरु Sorting गरिएको।
- १३ तालिमका लागि सूचना प्रकाशन गरिएकोमा विल्डीङ पेन्टर, मेसन र ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिममा माग आवेदन अप्रयाप्त भएकोले १० वटा तालिमका बिषय मात्र छनोट गरिएको।
- निर्देशक समितिको मिति २०८२।०९।०४ गतेको निर्णयानुसार स्रोतसाधन को उपलब्धताका आधारमा ८४० जनाको कोटा कायम गरी पायक पर्ने स्थानका आधारमा सबैभन्दा बढि माग भएका प्रदेश, स्थानीय तह र तालिमका विषयहरु

समेट्नेगरी तालिमका बिषय र ४२ स्थानीय तह (तालिम केन्द्र) छनोट गरिएको ।

- सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार मिति २०८२।०९।०६ गते तालिम प्रदायक /संस्था /फर्म/ कम्पनीहरुका लागि e-GP System मार्फत EOI पेश गर्न १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको।
- मिति २०८२।०९।१४ गते १० वटा तालिमका लागि ४२ स्थानीय तह (तालिम केन्द्र) रोजेका ५०७९ जना आवेदकहरुको संक्षिप्त सूची प्रकाशन गरिएको
- मिति २०८२।०९।०६ गते तालिम प्रदायक /संस्था /फर्म/ कम्पनीहरुका लागि e-GP System मार्फत EOI माग गरिएकोमा प्राप्त १३३ प्रस्तावपत्र र ६२ प्रस्तावदाताहरुको मूल्यांकन समितिबाट मूल्यांकन गरि बेकर र बारबरमा पर्याप्त प्रस्ताव नपरेकोले मिति २०८२।१०।०८ गते ८ वटा प्याकेजमा ४६ वटा प्रस्तावदाताहरुको संक्षिप्त सूची प्रकाशन गरिएको
- मिति २०८२।१०।१५ गते सूचीकृत तालिम प्रदायक /संस्था /फर्म/ कम्पनीहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव (RFP) माग गरिएको
- मिति २०८२।१०।१९ गते तालिम प्रदायक /संस्था /फर्म/ कम्पनीहरुका लागि e-GP System मार्फत EOI पेश गर्न सार्वजनिक सूचना प्रकाशन गरिएको।

प्रकृयामा रहेका बाँकि कामहरु

- अन्तरवार्ता मार्फत ५०७९ जना आवेदकहरुमध्ये बाट ८४० जना प्रशिक्षार्थी छनौट गर्ने
- आशयको सूचना प्रकाशन गर्ने
- तालिमकेन्द्र अध्ययन तथा अनुगमन र मूल्याङ्कन गर्ने र सम्झौता गर्ने
- तालिम संचालन गर्ने तथा तालिम अनुगमन र मूल्याङ्कन गर्ने
- प्रमाणपत्र वितरण गर्ने, सिप प्रमाणीकरण (Skill Test) गर्ने र भूक्तानी गर्ने
- सरोकारवालाको सहभागितामा सातै प्रदेशमा सिप मेला संचालन गर्ने
- रोजगार तथा स्वरोजगारका लागि Inter Intra and Extra coordination, cooperation and collaboration गर्ने।

अवसर

- बजारको मागअनुरुप विभिन्न तालिमका बिषयसँग सम्बन्धित आधारभूत सिपयुक्त जनशक्ति आपूर्ति हुने
- राष्ट्रिय अन्तराष्ट्रियस्तरमा रोजगारी र स्वरोजगारका अबसरहरु प्राप्त हुने
- जनशक्ति व्यवस्थापनमा सहजता हुने
- आयस्रोत र आम्दानीमा बढोत्तरी भइ बेरोजगारी दर घट्ने
- युवाहरुलाई श्रम र उत्पादनमा जोड्न सकिने

चुनौती

- सिमित स्रोतसाधनबाट अधिक युवाहरुको माग संवोधन हुने गरी तालिम संचालन गर्नु
- ५०७९ जना आवेदकहरुमध्ये बाट ८४० जना प्रशिक्षार्थी छनोट गर्नु
- उपयुक्त तालिम प्रदायक संस्था छनोट गरी तालिमको गुणस्तर र प्रभावकारीता कायम गर्नु
- खरिद प्रकृया सम्बन्धमा ज्ञान, सिप, अनुभवको अभावको कारण कार्यान्वयन प्रकृयालाई सरल र सहज बनाउनु
- अधिक संख्यामा सिप प्रमाणीकरण गराउनु
- तालिम पश्चात रोजगारी र स्वरोजगारसँग जोडी उत्पादनमूलक बनाउनु
- सबैलाई गलत भ्रामक र मिथ्या सूचना तथा नकारात्मक सोंचबाट मुक्त गरी कार्यक्रम कार्यान्वयनमा बिश्वास बढाउनु।

एउटै समाधान : नीति विधि र पद्धतिका आधारमा सबै आफू-आफैमा इमान्दार, नैतिकवान, जिम्मेवार, जवाफदेहि, व्यावसायिक र सुझबुझपूर्ण भई सकारात्मक र समालोचनात्मक सोंचसहित आ-आफ्नो कर्तव्य पुरा गर्ने ।

१०.२ युवा विकास तथा उद्यम प्रवर्धन शाखा

- युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यावसाय प्रदर्शनी कार्यढाँचा,२०८२ निर्माण तथा पारित
- सूचना प्रविधि उधमी तथा स्टार्टअप व्यावसायी पुरषकार वितरण कार्यढाँचा,२०८२ निर्माण तथा पारित ।
- पोखरामा युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यावसाय प्रदशनीको तयारी स्वरुप अन्तरक्रिया कार्यक्रम सञ्चालन ।

१०.३ सूचना प्रविधि शाखा:

सूचना प्रविधि शाखाबाट सम्पादन भएका कार्यक्रमहरुः

- परिषद्को वेबसाइट अपडेटिङ्ग तथा रिडिजाइनिङ्ग गरिएको,
- आ.ब.२०८१।०८२ को स्वत प्रकाशन गरिएको,
- आ.ब.२०८१।०८२ बार्षिक प्रतिबेदन प्रकाशन,
- स्वेतपत्र प्रकाशन गरिएको,
- युवा विकासका लागि सञ्चारमाध्यमसँगको समन्वय र सहकार्य कार्यक्रम अन्तर्गत सिएनएनसंग युवाहरुका महत्वपूर्ण गतिविधि उत्पादन र प्रशारणको लागि सम्झौता गरी कार्यक्रम अगाडी बढाइएको,
- भिडियो डकुमेन्ट्री निमार्णका लागि सार्वजनिक प्रशारण सेवासंघ संग सम्झौता गरी कार्य अगाडी बढाइएको छ,
- युवा तस्विर दर्पण, २०८२ प्रकाशन,
- मिडिया र सूचना शाक्षरता अभिवृद्धि कार्यढाँचा, २०८२ निर्माण छलफल कार्यशाला सञ्चालन,

- मिडिया र सूचना शाक्षरता अभिवृद्धि कार्यढाँचा, २०८२ पारित गरिएको ।

१०.४ सामाजिक संघ सस्था तथा समन्वय शाखा :

यस शाखाबाट सम्पादन भएका कार्यक्रमहरुः

अन्तर्राष्ट्रय युवा दिवसः

युवाको सर्वाङ्गिण विकास आजको विश्वको टड्कारो आवश्यकता हो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा हुने युवाको सार्थक सहभागिता युवा सशक्तीकरणको प्रमुख आधार हो। युवा शसक्तीकरण समृद्ध राष्ट्रको लागि मेरुदण्ड हो र समृद्ध राष्ट्र शान्ति, स्थायित्व, सन्तुलन र संभावनाको एकिकृत रुप हो। युवासँग प्रत्यक्ष वा परोक्ष रुपमा सरोकार राख्ने सरोकारवालाहरुको लामो प्रयास पश्चात युवा परिषदको स्थापना भएको हो। नेपाललाई विकसीत राष्ट्रको तहमा पहिचान दिन सकारात्मक, सिपयुक्त र क्षमतावान युवाको सर्वाङ्गिण विकास अनिवार्य हुन आउछ। यसका लागि एउटा छुट्टै सरकारी निकायको आवश्यकता महशुस भएको सन्दर्भ अनुरुप राष्ट्रिय युवा परिषद्को स्थापना भएको हो।

युवा विकासका लागि विभिन्न प्रकारका छलफलहरु हुने गर्दछन । गोष्ठी सेमीनार तथा कार्यक्रमहरु प्रशस्त तय हुन्छन र सम्पन्न पनि हुन्छन तथापी युवाका सवालमा सोचें जती उचाई लिन सकिरहेको नहुन सक्छ। यसका लागि निर्णय तहमा युवाको सार्थक सहभागिताको आवश्यकता पर्दछ। युवा लक्षित नीति नियम, कार्यक्रम निर्माण तथा कार्यान्वयनमा युवाको सार्थक सहभागिता सुनिश्चित गर्न नेपालमा वि सं २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो। युवा विकाससँग सम्बन्धित गतिविधी सोही मन्त्रालय अन्तर्गत हुँदै आएकोमा युवा नीति २०६५ र राष्ट्रिय युवा परिषद् ऐन २०७२ ले युवाको हक हितको संरक्षण र सम्वर्द्धन गरी समुन्नत मुलुक निर्माण गर्नका लागि राष्ट्रिय युवा परिषद्को स्थापनाको बाटो खोलेको थियो। युवा परिषद्को गठन सँगै युवाको सर्वाङ्गीण विकासका कार्यक्रमहरू यसै संस्थाबाट सञ्चालन हुन थालेका छन् ।

राष्ट्रिय युवा परिषद् ऐन २०७२, संशोधित राष्ट्रिय युवा नीति, २०७२ तथा युथ भिजन २०२५-दश बर्षे रणनीतिक योजना को मर्म र भावना अनुसार युवा जनशक्तिलाई समयानुकूल सशक्तीकरण गर्दै पहिलो चरणमा शिक्षा, स्वास्थ्य, उद्यमशीलता तथा नेतृत्व विकासमा युवाहरूको भूमिका र परिचालनलाई मूल प्राथमिकतामा राखेर अगाडि बढ्ने प्रतिवद्धता राष्ट्रिय युवा परिषद्ले व्यक्त गरेको छ। युवा विकास तथा परिचालनका लागि तयार गरिएको दीर्घकालीन रणनीतिको रूपमा रहेको युथ

भिजन २०२५ ले परिलक्षित गरेका कार्यनीतिहरूको आगामी सन २०२५ भित्र कार्यान्वयन गरी सक्न युवा परिषद्ले जोड दिनेछ ।

युथ भिजनका दशवर्षे रणनीति र कार्यक्रमका पाँच स्तम्भहरू (Five Pillars)लाई समय सापेक्ष सवलीकरण गर्दै सम्पूर्ण साधन र स्रोतहरूलाई त्यस दिशातर्फ परिलक्षित गर्ने प्रयास गरिएको छ। अन्तर्राष्ट्रिय स्तरमा नै युवा क्षेत्रमा भएका प्रगति र नेपालको अवस्थालाई मध्यनजर गरी युवा विकासमा बाधक रहेका मूल समस्याहरूलाई लक्षित गरी युवा विकासका पाँच रणनीतिक आधार स्तम्भ तय गरिएका छन्। युवा विकासका लागि तय गरिएका रणनीतिक आधार स्तम्भहरू तपशिल अनुसार रहेका छन।

(१) गुणस्तरीय र व्यावसायिक शिक्षा

(२) रोजगारी, उद्यमशीलता र सीप विकास

(३) स्वास्थ्य र सामाजिक सुरक्षा

(४) युवा परिचालन, सहभागिता र नेतृत्व विकास

(५) खेलकुद र मनोरञ्जन

युवा परिषद्का कार्यक्रमहरू यिनै पाँच आधार स्तम्भमा रहेर परिचालित हुदै आएका छन् ।

युवाको हक हितको संरक्षण र सम्बर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्न तथा युवासम्बन्धी नीति निर्माण र कार्यान्वयन तहसम्म युवालाई सहभागी गराई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गराउने उद्देश्यले नेपाल सरकारले राष्ट्रिय युवा परिषद् गठन गरेको हो। नेपाल सरकार मन्त्रिपरिषद्को २०७२ फागुन १९ को निर्णयअनुसार श्री माधवप्रसाद ढुङ्गेललाई यस परिषद्को कार्यकारी उपाध्यक्षका रूपमा नियुक्त गरेको थियो। हाल नेपाल सरकार मन्त्रिपरिषद्को २०७८ को निर्णयअनुसार श्री सुरेन्द्र बस्नेतलाई यस परिषद्को उपाध्यक्षका रूपमा नियुक्त गरेको थियो ।

युवा विकासको क्षेत्रमा काम गर्ने समग्र जिम्मेवारी युवा परिषदका कार्यकारी उपाध्यक्षको जिम्मेवारी हुन आँउछ ।युवा परिषदको स्थापना पश्चात सरकारी तथा गैरसरकारी निकायहरुको सहकार्य , युवामा बढ्दै गएको इच्छाशक्ती लगायतका कारण युवाको क्षेत्रमा नेपालले पछिल्लो समयमा उल्लेख्य प्रगती हाँशिल गर्दै गएको छ। कमन वेल्थले गरेको सर्वेक्षण अनुसार सन् २०१० मा विश्व युवा विकास सुचाङ्कमा नेपाल १४५औँ स्थानमा रहेको थियो भने सन २०१६मा सोही संस्थाको तथ्याङ्क अनुसार नेपाली युवाको स्थान ७७ औँ स्थानमा आइपुग्न सफल भएको छ ।यसका पछाडि नेपालले आबधिक योजना र वार्षिक नीति तथा कार्यक्रमहरुमा युवा विकासको क्षेत्रलाई प्राथमिकतामा

राख्नु, नेपाल सरकारले राष्ट्रिय युवा नीति र युथभिजन तथा दशवर्षे रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याउनु,युवा विकासको लागि अलग्गै मन्त्रालय(युवा तथा खेलकुद)को स्थापना गर्नु,युवालक्षीत कार्यक्रम कार्यान्वयनका लागि केन्द्रीय स्वायत्त सरकारी निकायका रुपमा राष्ट्रिय युवा परिषद्को स्थापना गर्नु, सबै जिल्लाहरुमा जिल्ला युवा समितिको कार्यालय स्थापना गरी सो मार्फत युवाका कार्यक्रमहरु सञ्चालन गर्नु आदि रहेको भएता पनि हाल जिल्ला युवा समितीहरु कार्यान्वयनको अवस्थामा रहेका छैनन ।राष्ट्रको मेरुदण्डको रूपमा रहेका १६देखि ४० वर्षका ४२.५६ प्रतिशत युवा शक्तिलाई सशक्तीकरण गर्दै क्षमता, सीप र प्रविधिको प्रयोग गरी राष्ट्रिय युवा परिषद् ऐन २०७२, राष्ट्रिय युवा नीति २०७२ तथा युथ भिजन २०२५को मर्म र भावनालाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्न कृयाशील हुनुपर्ने समय आएको छ ।

नेपालमा युवा विकासका लागि बनेका कानुन नीति तथा कार्यक्रमका आधारमा सन २०१९ मा नेपाल World Future Council बाट प्रदान गरिएको Future Policy Award ले सम्मानीत भएको थियो।नेपालका लागि यो राष्ट्रिय स्तरको सम्मानको रुपमा लिइएको छ ।

युवा दिवस र यसको इतिहास

युवाका सवाललाई सम्बोधन गर्ने हेतुले संयुक्त राष्ट्रसङ्घले सन् १९९९ देखि हरेक वर्षको अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसको रूपमा मनाउँदै आइरहेको छ ।**World Conference of Minister Responsible for Youth** को सिफारिस अनुसार संयुक्त राष्ट्रसङ्घको १७ डिसेम्बर १९९९ मा सम्पन्न ५४ औं साधारण सभाले अगष्ट १२ तारिखलाई अन्तर्राष्ट्रिय युवा दिवस (International Youth Day) का रूपमा मनाउने निर्णय गरेको थियो।यो घोषणासँगै युवासम्बन्धी विभिन्न चेतनामूलक तथा मनोरञ्जनात्मक कार्यक्रमहरू आयोजना गरी सन् २००० देखि नियमित रूपमा विश्वभर युवा दिवसका सन्दर्भमा विविध कार्यक्रमहरू हुँदै आएका छन्।सन् २०१०-२०११ लाई संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय युवा वर्षका रूपमा मनाउने घोषणा गरेपछि Our Year, Our Voice भन्ने नारामा केन्द्रित भएर युवा सम्वाद र आपसी समझदारी **(Youth Dialogue & Mutual Understanding)** भन्ने नाराका साथमा सन् २०१० को अन्तर्राष्ट्रिय युवा दिवस र नेपाल युवा वर्ष मनाइएको थियो ।अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा नेपालका विभिन्न गैरसरकारी संघसंस्था एंवम नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको संयुक्त आयोजनामा र्‍याली, अन्तरक्रिया, रक्तदान कार्यक्रम, नाटक, सरसफाइ, नीति सम्वाद, साँस्कृतिक कार्यक्रम, वृक्षारोपण, बक्तृत्वकला प्रतियोगिता, विभिन्न विधामा बहस जस्ता कार्यक्रमहरू हुँदै आएका छन्।

अन्तर्राष्ट्रिय युवा दिवसको उद्देश्य

अन्तर्राष्ट्रिय युवा दिवस मनाउनुको मूल उद्देश्य युवाका मुद्दाका पक्षमा आवाज मुखरित गर्नुका साथै युवालाई मूल प्रवाहिकरणमा समावेस गर्न समय सान्दर्भिक विषयबस्तु तय गरी विश्वव्यापी रूपमा मनाइने अन्तर्राष्ट्रिय युवा दिवसले स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा युवालाई एकतामा बाध्ने, रचनात्मक कार्यक्रम मार्फत प्रतिभाहरूको प्रष्फुटन गर्ने र गराउने, नीतिगत तथा कार्यक्रमगत रूपमा युवालाई मूलप्रवाहिकरण र शसक्तीकरणका लागि ठाँउ बनाउन उत्प्रेरित गर्ने। यसका साथै, राष्ट्रिय युवा नीति २०७२, युथ भिजन २०२५ र राष्ट्रिय युवा परिषद् ऐनमा रहेका युवा लक्षित मुद्दाहरू कार्यान्वयन गर्न स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आवाज बुलन्द गर्नु हो। युवाहरूको समस्याहरू, अधिकार, र योगदान प्रति विश्वव्यापी सचेतना फैलाउने तथा उनीहरूलाई सामाजिक, आर्थिक, र राजनीतिक विकासमा सक्रिय सहभागिताका लागि प्रेरित गर्नु हो।

विश्वव्यापी महत्त्व :

- प्रत्येक वर्ष यो दिवसमा एउटा थिम (विषयवस्तु) राखिन्छ, जुन युवा सम्बन्धी विशेष समस्यामा केन्द्रित हुन्छ (जस्तैः शिक्षा, रोजगारी, जलवायु परिवर्तन, प्रविधि, मानसिक स्वास्थ्य आदि)।
- विभिन्न देशहरूमा गोष्ठी, सम्मेलन, सांस्कृतिक कार्यक्रम, सामाजिक सेवा लगायतका गतिविधिहरू आयोजना गरिन्छन्।

नेपालमा :

नेपालमा पनि प्रत्येक वर्ष १२ अगस्टमा अन्तर्राष्ट्रिय युवा दिवस विभिन्न कार्यक्रम र छलफल मार्फत मनाइन्छ। सरकारी, गैरसरकारी र युवासँग सम्बन्धित संस्थाहरूले यस दिन युवाको क्षमता, चुनौती र अवसरबारे आवाज उठाउने गर्दछन्।

यस दिवसको मुख्य उद्देश्यहरूमा निम्न कुरा समावेश छन्ः

युवाहरूका मुद्दाहरूमा ध्यान केन्द्रित गर्नु,

नीति निर्माणमा युवाको सहभागिता सुनिश्चित गर्नु,

शिक्षा देखि रोजगारीसम्मका अवसरहरूमा युवाहरूको पहुँच बढाउनु,

समावेशी र दिगो विकासमा युवाको भूमिका प्रोत्साहित गर्नु।

नेपालमा युवा दिवसको शुरुवात

विश्वका विभिन्न मुलुकमा सन २००० देखि युवा दिवस मनाउन थालिएको भए पनि नेपालमा सन २००४ देखि यसको शुरुआत भएको हो। नेपालमा सन २००४ मा युवा संस्थाहरूको पहलमा पहिलो पटक अन्तर्राष्ट्रिय युवा दिवस मनाइएको थियो ।हाल आएर नेपाल संघिय संरचनामा गए सँगै तिन तह कै सरकारको युवा हेर्ने निकायको नेतृत्वमा विभिन्न सामाजिक संघसंस्थाहरू, सञ्जालहरू र क्लवहरूसँगको सहकार्यमा विविध मौलिक रचनात्मक कार्यक्रमहरू गरी मनाउने गरिएको छ । सरकारी तथा गैरसकारी क्षेत्रबाट युवालाई लक्षित गरी कार्यक्रमहरू आयोजना हुन थालेका छन । जसरी युवा दिवसले व्यापकता पाउन थाल्यो, त्यसैगरी युवा सम्बन्धी नीति कार्यक्रम र संरचनामा पनि प्रगति भएको पाइन्छ ।केही वर्ष अघिसम्म युवाका सवाल शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गतको एउटा शाखामा सीमित थियो भने अहिले आएर युवा नीति तयार भै युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद् लगायतका संरचनाहरू नै क्रियाशील छन। त्यसैले पनि अहिले युवा दिवसलाई युवा क्षेत्रमा व्यापक रचनात्मक उपलब्धि भएको वर्षको रूपमा पनि मनाउन सकिन्छ। नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले संयोजन गर्दै आएका युवा विकासका कार्यक्रमहरू राष्ट्रिय युवा परिषद् स्थापना सँगै युवा परिषद् मार्फत हुने हुँदा सोही बमोजिम परिषद् कै समन्वयमा कार्यक्रमहरूको योजना तर्जुमा गरीन्छ।

अन्तर्राष्ट्रिय युवा दिवस, २०२५

संयुक्त राष्ट्र संघले सन २०२५ का लागि तय गरेको नारा

International Theme: "Local Youth Actions for the SDGs and Beyond "

(दिगो विकासको सुनौलो भविश्यको: स्थानीय युवाको सहभागिता समृद्धिको आधार) को पृष्ठभूमिमा रहेर नेपालले तय गरेको मौलिक नारा अन्तराष्ट्रिय युवा दिवस २०८२ का गतिविधिहरु सञ्चालनमा ल्याइएको थियो। यो नारा अन्तर्राष्ट्रिय रुपमा मात्र हैन नेपालको सन्दर्भमा पनि अत्यन्तै सान्दर्भिक

र महत्वपूर्ण रहेको छ। यसले युथभिजन २०२५ र दिगो विकासको लक्ष्यलाई पनि सम्बोधन गरेको छ ।यस नाराले युवाको सहभागिता मार्फत प्रजातान्त्रिक मूल्य मान्यताको अभ्यास गर्ने, शुसाशन कायम गर्ने लगायतका क्षेत्रमा युवाको सार्थक सहभागिताको सुनिश्चितता गराउने प्रयास गर्दछ ।नेपालले पनि विगत वर्षहरु देखि नै आफ्नो मौलिक नाराका साथ अगष्ट १२ का दिन देशभर अन्तर्राष्ट्रिय युवा दिवस मनाउँदै आएको छ।यस वर्ष नेपालमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउने सन्दर्भमा २०८२ श्रावण ०६ गते माननीय युवा तथा खेलकुद मन्त्रीज्युको अध्यक्षतामा बसेको मूल समारोह समितिको बैठकले दिगो विकासको सुनौलो भविश्यको सार : "स्थानीय युवाको सहभागिता समृद्धिको आधार" भन्ने नेपाली मौलिक नाराका साथ वि.सं. २०८२ श्रावण २७(तदनुसार सन् २०२५ अगष्ट १२) गते मंगलवारका दिनलाई मुख्य दिन मानी सप्ताहव्यापी रुपमा मुलुकभर भव्यतापूर्वक यो दिवस मनाउने निर्णय गरेको थियो ।यस दिवसलाई केन्द्रमा मनाउने सन्दर्भमा राष्ट्रिय युवा परिषद्क कार्यकारी उपाध्यक्षज्युको संयोजकत्वमा १७ सदस्यीय सचिवालयको गठन गरेको थियो।उक्त सचिवालयले श्रावण २७ गते मंगलवारका दिन मूल समारोह सम्माननीय राष्ट्रपतीज्यूको प्रमुख आतिथ्यतामा राष्ट्रिय युवा परिषदका अध्यक्ष एंवम युवा तथा खेलकूद मन्त्रालय माननीय मन्त्रीयू तेजुलाल चौधरीको अध्यक्षतामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वक्ताहरूको संलग्नतामा विविध रचनात्मक कार्यक्रमहरुका साथ मनाउने निर्णय गरे बमोजिम यो कार्यक्रम सम्पन्न भएको हो।

साथै मूल समारोह समितिले यस दिवसलाई देशव्यापी रुपमा मनाउने सन्दर्भमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था/निकायहरुलाई नेपालले तय गरेको नारासँग सम्बन्धित रहेर विविध रचनात्मक र मौलिक गतिविधिहरुका साथ मनाउन अनुरोध गर्ने निर्णय समेत गरेको थियो।उक्त सन्दर्भमा प्रदेश सरकार र स्थानीय सरकारलाई अनुरोध गर्न मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अनुरोध गर्ने निर्णय समेत भएको थियो।

सप्ताहव्यापी रुपमा मुलुकभर भव्यतापूर्वक यो दिवस मनाउने सन्दर्भमा विभिन्न राष्ट्रिय युवा परिषद र विभिन्न संघसंस्थाहरुको पहलमा तपशिलका कार्यक्रमहरु सन्चालन भएका थिए ।

क्र.सं.	कार्यक्रम	मिती	सहकार्य/जिम्मेवार निकाय
१	अन्तर्राष्ट्रिय युवा दिवस मूल आयोजक समिति गठन र पहिलो बैठक	२०८२\०४\०६	राष्ट्रिय युवा परिषद
२	संयुक्त राष्ट्र संघीय निकायहरू र विकास साझेदार संस्थासँग बैठक र परामर्श	२०८२\०४\१२	राष्ट्रिय युवा परिषद
३	युवा केन्द्रित गैसस र युवा सञ्जाल बैठक	२०८२\०४\१३	राष्ट्रिय युवा परिषद
४	सचिवालय बैठक	२०८२\०४\१३	राष्ट्रिय युवा परिषद
	सप्ताहव्यापी कार्यक्रम		

५	प्रेस विज्ञप्ति	२०८२\०४\ २१	सचिवालय
६	विभिन्न निकाय तथा संस्थाहरूबाट देशभर विविध कार्यक्रम आयोजना	२०८२\०४\ २२ देखि २६	अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैसस, युवा सञ्जाल युवा अभियन्ताहरू
७	मैत्रीपूर्ण फुटसल कार्यक्रम	२०८२\०४\२३	राष्ट्रिय युवा परिषद
८	मूल समारोह	२०८२\०४\७	राष्ट्रिय युवा परिषद, संयुक्त राष्ट्र संघीय निकायहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैसस, युवा सञ्जाल तथा युवा अभियन्ताहरूसहित
९	सचिवालय बैठक र समीक्षा	२०८२\०५\०३	राष्ट्रिय युवा परिषद

सप्ताहव्यापी कार्यक्रममा विभिन्न सरोकारवाला निकायहरुको समन्वय र सहकार्य सम्बन्धी बैठक एंवम निर्णय तहको सचिवालयको बैठक विभिन्न मितिमा गरिएको थियो। मिति २०८२\०४\२३ गते राष्ट्रिय युवा परिषदको पहलमा परिषदका कर्मचारीहरु ,परिषद सदस्यहरु / परिषद सवद्ध सञ्जालका अध्यक्ष हरु को मैत्रीपूर्ण फुटसल कार्यक्रम रोयल दिव्यसोरी फूटशल मैदानमा भएको थियो । विभिन्न निकाय तथा संस्थाहरूबाट देशभर विविध कार्यक्रम आयोजनाअन्तर्राष्ट्रिय युवा दिवस २०२५ को अवसरमा सप्ताहव्यापी रुपमा मनाइने मुख्य कार्यक्रममा राष्ट्रिय युवा परिषद्को उपस्थिति

क्र सं	कार्यक्रम	कार्यक्रम गर्ने संस्था	मिति	समय	स्थान
१	फुटसल प्रतियोगिता	राष्ट्रिय युवा परिषद्	२०८२।०४।२३	बिहान ८.०० देखि ९.३० बजे सम्म	दिव्यश्वरी प्लानिङ्ग सानोठिमी भक्तपुर
२	नीति बहस	ब्रिटिस काउन्सिल	२०८२।०४।२३	बिहान १०.००देखि १.०० बजे सम्म	मनासु होटल लाजिम्पाट
४	पाँचौ राष्ट्रिय युवा अधिकार महाभेला	युथ एडभोकेसी नेपाल	२०८२।०४।२५	बिहान ११.०० देखि	नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी
५	पैदलयात्रा तथा अन्तरसम्वाद	आदिवासी जनजाती युवा महासंघ नेपाल	२०८२।०४।२५	बिहान १०.०० देखि दिनको १.०० बजे	आदिवासी जनजाति युवा महासंघ नेपाल
६	युवा दिवसको थिममा छलफल	आयोन	२०८२।०४।२६	बिहान १०.०० देखि १२.०० बजे	स्टाफ कलेज जावलाखेल

७	मन्त्रलयमा छलफल	युथ एडभोकेसी नेपाल	२०८२।०४।२६	.....	युवा तथा खेलकुद मन्त्रालय

अन्तर्राष्ट्रिय युवा दिवस (२०८२ श्रावण २७ गते) मूल समारोह कार्यक्रममा ७२४ जनाको उपस्थिती रहेको थियो। मूलसमारोहको दिनमा UN Nepal लगाएतका संस्थाहरुको पहलमा यूवाहरुलाई सचेतना हुने प्रकारका विभिन्न विधामा सम्वद्ध स्टलहरु प्रदर्शनमा राखिएका थिए ।

मूलसमारोह कार्यक्रमलाई सरोकार नेपाल टेलिभिजनबाट लाइभ प्रसारण भएको थियो जस्मा 5.6 K संख्यामा प्रत्यक्ष प्रसारणमा जोडिएको पाइयो।

विभिन्न युवालक्षित रचनात्मक क्रियाकलापहरुका साथ मनाउने उद्देश्यले यस वर्ष देहायका कार्यक्रमहरु सहित मिति २०८२ साउन २७ (१२ अगष्ट, २०२५) गतेका दिन यो दिवस सम्पन्न भएको हो।
उक्त मूल समारोहको पहिलो/दोश्रोको विस्तृत विवरण देहाय बमोजिम रहेको थियो

पहिलो सत्र

- राष्ट्रिय युवा परिषद्को गतिविधि समेटिएको भिडियो प्रदर्शन भएको थियो ।
- राष्ट्रिय युवा परिषद्ले तयार पारेको युवा गित बजाइएको थियो ।
- कार्यक्रमलाई दुईवटा सत्रमा विभाजन गरिएको थियो (विस्तृत विवरण यसै प्रतिवेदनमा संलग्न कार्यक्रम अनुसूची ३ र ४ मा उल्लेख गरिएको छ)
- माननीय युवा तथा खेलकूद मन्त्री तेजुलाल चौधरीज्यूले पहिलो सत्रको अध्यक्षता गर्नुभएको थियो ।
- सम्मानीय राष्ट्रपतीज्यूको प्रमुख आतिथ्यतामा मूल समारोहको उदघाटन भएको थियो।
- राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतज्यूले राष्ट्रिय युवा परिषद्को तर्फबाट स्वागत गर्नु भएको थियो ।
- अन्य वक्ताहरुमा Her excelancy Ms. Hanna Singer Resident Coordinator, United Nations in Nepal ले अन्तर्राष्ट्रिय युवा दिवसका शुभकामना सन्देश दिनुभएको थियो ।
- अन्तर्राष्ट्रिय युवा दिवस मूल समारोहका प्रमुख अतिथि सम्माननीय राष्ट्रपती रामचन्द्र पौडेलज्यूले सम्पूर्ण युवाहरुलाई हार्दिक बधाई र शुभकामना दिनुहुँदै यस कार्यक्रमको भव्य आयोजनाका लागि आयोजक राष्ट्रिय युवा परिषद्लाई हार्दिक धन्यवाद दिनुभयो उहाँले आजको दिवसले हामीलाई युवा र विकास बीचको अन्तर्सम्बन्धलाई अझ स्पष्ट रूपमा बुझ्न प्रेरणा दिएको

छ। युवाको नविनतम सोंचले सामुदायिक तहसम्म जीवनस्तर सुधार, सामाजिक न्याय, वातावरणीय संरक्षण, दिगो आर्थिक वृद्धि र समान अवसरका लागि पहल गर्न सकिन्छ। कुल जनसंख्याको करिब ४२ प्रतिशत हिस्सा ओगटेका नेपाली युवालाई म यो अवसरमा उनीहरूको लगनशिलता र समर्पण प्रति गहिरो सम्मान व्यक्त गर्न चाहन्छु। चाहे त्यो महामारीको कठिन समयमा स्वेच्छिक सेवा होस्, जलवायु परिवर्तन विरुद्धको सचेतना अभियान होस्, वा प्रविधिमा आधारित नवप्रवर्तन। नेपाली युवाहरूले आफूलाई सक्षम, उत्तरदायी र अग्रगामी सिद्ध गरिसकेका छन्। नेपाली युवाले सूचना तथा प्रविधि, खेलकुद र मनोरञ्जन क्षेत्रमा गरेको उल्लेख्य योगदानको नेपाल सरकारले उच्च सम्मानका साथ हेर्दै आएको छ। उद्यमशिलता र स्वरोजगारका क्षेत्रमा काम गर्नुपर्ने अहिलेको माग हो भन्ने हामी सबैले बुझेका छौं र नेपाल सरकार यसका लागि कटिबद्ध छ भन्ने पनि उद्घोष गर्न चाहन्छु भन्ने सन्देश प्रवाह गर्नुभयो ।

- **माननीय युवा तथा खेलकूद मन्त्री तेजुलाल चौधरीज्यूले शुभकामना र धन्यवाद सहितको** मन्तव्य सहित पहिलो सत्रको समापन गर्नुभएको ।
- मूलसमारोह कार्यक्रम सञ्चालन टेलिभिजनका प्रस्तोता श्री अनिता विन्दुले गर्नु भएको थियो।
- मूलसमारोह कार्यक्रम सरोकार टेलिभिजन मार्फत प्रत्यक्ष प्रसारण गरिएको थियो। 5.6 K जना प्रत्यक्ष प्रसारणमा जोडिएका थिए ।

कार्यक्रमको दोस्रो शत्रको अध्यक्षता राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष श्री सुरेन्द्र बस्नेतज्यूले गर्नु भएको थियो ।उक्त शत्रको उदघोषण युवा परिषद पूर्व कार्यकारी सदस्य तिलोत्तम पौडेलले गर्नुभएको थियो भने विषयबस्तु माथिको प्रकाश परिषद सदस्य विनोद कुमार शाहीले पार्नुभएको थियो ।दोश्रो शत्रमा टेलीभिजन प्रस्तोता बविन शर्माको प्यानल मोडरेशनमा नेपालमा युवा निती र आजको आवश्यकता भन्ने विषयमा युवा तथा खेलकुद मन्त्रालय, सहसचिव सुवासचन्द्र सिवाकोटी, **Youth and health** विषयमा वरिष्ठ नर्सिङ अफिसर परिवार कल्याण महाशाखा स्वास्थ्य सेवा विभाग,अमृता पौडेल, Civic Space विषयमा समाजकल्याण परिषद सदस्य नारायण गिरी र आजका युवाका सोंचहरुमा अधिवक्ता एंवम JCYCN सदस्य विपना शर्माले बहस गर्नुभएको थियो ।

सामाजिक सेवा अध्ययन केन्द्र (Social Work institute)का आषिस थानीले युवा र पर्यावरणिय कृषि सम्बन्धी अनुभव Sharing गर्नुका साथै श्रीराम हरिदास, Country representative, UNFPAले युवा दिवसकको उपलक्ष्यमा राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा रहेका युवाहरुलाई शुभकामना व्यक्त गर्नुभएको थियो। सान्दर्भिक र मनोरञ्जनात्मक सांस्कृतिक

प्रस्तुतीले राष्ट्रिय सभागृह भित्रका युवाहरुको उत्साह प्रष्ट देखिन्थ्यो। दोश्रो सत्रको अध्यक्षता गर्नुभएका कार्यकारी उपाध्यक्ष,सुरेन्द्र बस्नेतज्यूले दिउँसो ३.२० मा समापन गर्नुभएको थियो

निष्कर्ष र उपलब्धिः

क. राष्ट्रिय युवा परिषद् र युवासम्बद्ध संघसंस्थाको वीचमा समन्वय र सहकार्यको अनुपम उदाहरण प्रस्तुत भएको ।

ख. अन्तर्राष्ट्रिय युवा दिवसलाई सबैतह र तप्का मिलेर हर्षोल्लासपूर्ण रुपमा सम्पन्न गरी नेपालीको एकता र प्रतिवद्धताको नमूना प्रस्तुत भएको ।

ग. युवामा अन्तरनिहित प्रतिभा प्रस्फुटनका साथ अनुकरणीय कार्य गर्ने प्रेरणादायी युवा व्यक्तित्वहरुलाई गरिएको सम्मानबाट अन्य युवाहरुमा समेत सकारात्मक सन्देश प्रवाह भएको घ. सप्ताहव्यापी कार्यक्रम अन्तर्गत हजारौं युवा परिचालन भई युवामा स्वंयमसेवी भावनाको विकास गर्न सफल भएको ।

ङ. नेपाल सरकार र राष्ट्रिय युवा परिषदबाट सञ्चालन हुने युवालक्षित कार्यक्रमहरुका वारेमा सबै युवावर्ग सुसूचित भएका ।

च. सामाजिक परिवर्तन र समृद्धिका आधार भनेका युवावर्ग हो भन्ने कुराको आमनागरिक समाजमा अनुभूति भएको ।

छ. युवा आँफैमा अन्तर विषयक मुद्दा (**Crosscutting issue**) भएकोले यो विषयमा नेपाल सरकारको एकल प्रयास मात्र पर्याप्त हुँदैन, तसर्थ यसमा सबैको साथ, सहयोग, समन्वय र सहकार्य आवश्यक छ भन्ने सन्देश प्रवाह भएकोले आगामी दिनमा पनि यस प्रकारको सहकार्यको संस्कृतिको विकासमा सकारात्मक वातावरण निर्माण भएको ।

आगामी दिनमा पनि नेपालका युवाहरूको साझा घर र अभिभावकको रूपमा रहेको राष्ट्रिय युवा परिषद्को अगुवाइमा हुने युवा विकासका हरेक क्रियाकलापहरूमा सहभागी बन्न तथा सहकार्य गर्नुका साथै परिषद्लाई रचनात्मक सुझाव दिई सहयोग गर्नुहुन हामी सबै युवा, युवा सम्बद्ध संस्थाहरू तथा सरोकारवाला महानुभावहरूमा हार्दिक अनुरोध छ ।

स्वयंसेवक दिवस

पृष्ठभूमी:

आर्थिक र सामाजिक विकासका लागि अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस प्रत्येक वर्ष डिसेम्बर ५ मा मनाइन्छ । यस दिवसलाई संयुक्त राष्ट्र सङ्घले १९८५ मा घोषणा गरेको थियो। यस दिनले संसारभरका स्वयंसेवकहरूको आर्थिक र सामाजिक विकास तर्फको महत्त्वपूर्ण योगदानलाई मान्यता र सम्मान प्रदान गर्दछ। यो दिन स्वयंसेवक गतिविधिहरूको प्रवर्द्धन गर्न र थप मानिसहरूलाई सामुदायिक सेवामा सहभागी हुन प्रोत्साहन दिने अवसर पनि हो। यस दिनलाई महत्व दिदै नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतको निकाय राष्ट्रिय युवा परिषद्को आ.व २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत २०२५ का लागि संयुक्तराष्ट्रसंघले तय गरेको "Every Contribution Matter" (हरेक योगदान महत्वपूर्ण) भन्ने आदर्श वाक्यको पृष्ठभूमिमा रही राष्ट्रिय युवा परिषदले "सडक दुर्घटना न्यूनीकरण सचेतना स्वयंसेवा कार्यक्रम आयोजना गरेको थियो।

उद्देश्य:

१. स्वयंसेवी भावनाको विकास गर्नु,
२. "सडक दुर्घटना हुने कारण र दुर्घटना न्यूनीकरण गर्ने उपायासम्बन्धी सचेतनाअभिबृद्धि गराउनु,
३. विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँगको समन्वय र सहकार्यमा युवा परिचालन गर्ने प्रणालीको विकास गर्नु,
४. युवा वर्गमा समाजसेवा, सीप, क्षमता र नेतृत्वको अवसर उपलब्ध गराउनु,
५. अल्पकालिन अवधिका लागि विभिन्न क्षेत्रमा सेवा प्रवाहका लागि स्वयंसेवक पररिचालन गर्नु।

कार्यक्रम सञ्चालन मिति : २०८२ मंसीर १९, तदनुसार December 5, 2025

स्थान: उपत्यका ट्राफिक प्रहरी कार्यालय, रामशाहपथ, काठमाण्डौं

कार्य प्रकृया:

कार्यक्रमको प्रमुख अतिथिको रुपमा माननीय युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ताज्यू रहनु भएको थियो भने अध्यक्षता राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष श्री सुरेन्द्र बस्नेतज्यूले गर्नुभएको थियो। कार्यक्रममा राष्ट्रिय युवा परिषदका परिषद् सदस्यज्यूहरू, परिषद् कार्यलयका कर्मचारीहरू यातायात व्यवसायी, मज्दुरसंघका प्रतिनिधि,यातायात व्यवसायी महासंघका प्रतिनिधि, विभिन्न याताया मज्दुर प्रतिनिधि, प्रहरी अधिकृत, स्वयसेवामा खटिने स्वयमसेवक, सञ्चारकर्मी तथा अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो।कार्यक्रममा उपस्थित हुने प्रमुख अतिथि अतिथि तथा अन्य सहभागीहरूलाई उपत्यका ट्राफिक प्रहरी कार्यालयका SP श्री नरेशराज सुवेदीले स्वागत गर्नु

भयो। तत्पश्चात शुभकामना मन्तब्यमा यातायात व्यवसायी मज्दुरसंघ प्रतिनिधि, यातायात व्यवसायी महासंघ लगायतका महानुभावहरूले सडक दुर्घटना हुनुका कारण तथा न्यूनीकरणका लागि अपनाउन सकिने विविध पक्षका बारेमा अफ्नो धारणा सहित कार्यक्रमको सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो। त्यस्तै गरी कार्यक्रमका प्रमुख अतिथि माननीय युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ताज्यूले सडक दुर्घटना न्यूनीकरणका लागि युवा जगरण र सचेतना अपरिहार्य भएको बताउनु भयो। सडक दुर्घटनाकै कारण बर्षेनी कैयुँले अकाल मृत्युवरण गर्नुपरेको कुर गर्नुभयो ।उक्त कार्यक्रममा मन्त्री गुप्ताले प्रहरी, युवा, यातायात व्यवसायी र यातायात मज्दुर सबै मिलेर सडक दुर्घटना न्यूनीकरण गर्नु पर्दछ भन्ने भनाइ राख्नु भयो । त्यसै गरी राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष श्री सुरेन्द्र बस्नेतज्यूले सडक दुर्घटना एक भयानक र विकराल बन्दै गएकोले यस विरुद्ध एकिकृत साझा अभियानको जरुरी भएको बताउनु भयो। प्रहरी अतिरिक्त महानीरिक्षक इश्वर कार्कीज्यूले जनता र प्रहरी सारथी भएर सडक दुर्घटना न्यूनीकरण गर्नु पर्ने बताउनु भयो। प्रहरीको एक्लो प्रयासले मात्र पर्याप्त नहुने हुनाले आम युवा संलग्न हुनुपर्ने धारणाँ राख्नु भयो। नेपाल राष्ट्रिय यातायात ब्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला, उपत्यका ट्राफिक प्रहरी प्रमुख श्री नवराज अधिकारीज्यूले सडक दुर्घटना न्यूनीकरणमा सामुहिक प्रयास अपरिहार्य रहेको बतउनु भयो।

अन्तराष्ट्रिय स्वयंसेवक दिवसको सचेतना मुलक कार्यक्रममा काठमाडौँ उपत्यकाका करिव ५०० जना चालक, सहचालक तथा अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा सडक दुर्घटना र दुर्घटना न्यूनीकरणसम्बन्धी विभिन्न सचेतना मुलक प्रस्तुतिहरू उपत्यका ट्राफिक प्रहरी कार्यलायबाट भयो।

त्यसैगरी कार्यक्रममको दोस्रो सत्रमा ६५ जना स्वयंसेवकहरूलाई ट्राफिक नियम तथा सचेतनामूलक सन्देश सहितका स्टीकरण गाडीमा टाँस्नका लागि उपत्यकाका विभिन्न स्थानमा खटाइ स्वयंसेवकबाट प्राप्त अनुभवहरूको आदानप्रदान सहित कार्यक्रमको समापन गरियो।

कार्यक्रमको आयोजना र सहकार्य:

सडक दुर्घटना न्यूनीकरण सचेतना स्वयंसेवा कार्यक्रम राष्ट्रिय युवा परिषद् र उपत्यका ट्राफिक प्रहरी कार्यालयको संयुक्त आयोजना र भिएसओ नेपालको सहकार्यमा सम्पन्न भयो।

स्वयंसेवकको संख्या:

सडक दुर्घटना न्यूनीकरण सचेतना स्वयंसेवा कार्यक्रममा विद्यालय, क्याम्पस तथा अन्य संघसंस्थाका १६ देखि ४० वर्ष उमेर समुह भित्रका ६५ जना युवाहरूलाई स्वयंसेवकको रुपमा परिचालन गरियो।

स्वयंसेवामा खटिने स्वयंसेवकको नामावली

क्र.सं	नाम/थर
१	नरेश महर्जन
२	विकास अधिकारी
३	मिरा काफ्ले
४	हेम कुमार पौडेल
५	अप्सरा कोइराला
६	लक्ष्मी राई
७	प्रेमकुमारी खत्री
८	तृष्णा स्याङतान लामा
९	सुदिक्षा गौतम
१०	रुसा बजगाईं
११	संजिता श्रेष्ठ
१२	अन्जली कोइराला
१३	सम्पदा लम्साल
१४	अविशा ढुंगेल
१५	विष्णु प्रसाद भट्टराई
१६	आयुष लिम्बु
१७	रुपेश आचार्य
१८	मेघराज गौतम
१९	सर्गम कार्की
२०	प्रदिप दाहाल
२१	लोकनाथ योगी
२२	अनिल थापा
२३	उषा सुवेदी
२४	सुकदेव अधिकारी
२५	शोभा थापा

२६	राम प्रसाद अवस्थी
२७	निरुता खत्री
२८	दिपा रोकाया
२९	तारा कुमारी घतानी
३०	गोमा भण्डारी
३१	गंगा अर्याल
३२	बसन्ती शाही
३३	मञ्जन देवकोटा
३४	कुम्भ देउवा
३५	सुमिना भदनिया
३६	शंकर मिजार
३७	विनायक मानन्धर
३८	महेश जैशी
३९	रुपक सिलवाल
४०	रितेश महतो
४१	चाँदनी सिंह
४२	निलम यादव
४३	नरेन्द्रसिंह महर
४४	पुनम गुरूङ
४५	प्रकृति परियार
४६	स्वर्णीमा कोइराला
४७	रमिला कटुवाल
४८	सर्गम कार्की
४९	प्रकृति परियार
५०	रविन रिजाल
५१	शारदा थारू
५२	गरिमा मउराती

५३	स्नेहा ओली
५४	स्वस्तिका कुमारी महतो
५५	स्मिका थापा
५६	आरति शर्मा
५७	सरोज राय
५८	ओजस आचार्य
५९	मन्दिरा महर्जन
६०	अनुप सुवेदी
६१	गिता मानन्धर
६२	सुनिल धामी
६३	अधिराज अर्याल
६४	राम थापा
६५	कुसुम पोखरेल

निष्कर्ष

अन्तराष्ट्रिय स्वयंसेवक दिवसका अवसरमा आयोजित कार्यक्रममा "Every Contribution Matter " (हरेक योगदान महत्वपूर्ण) भन्ने आदर्श वाक्यलाई सार्थक बनाउन सडक दुर्घटना न्यूनीकरण सचेतना स्वयंसेवा कार्यक्रमको आयोजना गरी भब्यरुपमा कार्यक्रम सम्पन्न गरियो। उक्त कार्यक्रमबाट युवाहरूमा स्वयंसेवकीय भावनाको विकास गराइ समाजमा आइ पर्ने विभिन्न् दैविप्रकोप, महामारी, विपद् जस्ता अकल्पनिय परिस्थितिमा युवाको आवस्यकता र सहभागीता अपरिहार्य रहेको धारणाँ जनमानसमा विकास हुने अपेक्षा सहित कार्यक्रमले दैनिक रुपमा सडकमा देखापरेका दुर्घटना सम्बन्धी कारण तथा त्यसाको न्यूनीकरण गर्ने उपायाको खोजीका बारेमा चेतना अभिबृद्धि हुने अपेक्षा राखिएको छ । उक्त कार्यक्रमबाट युवाहरूमा स्वयंसेवा गर्ने परिपाटीको विकास हुनुका साथै राज्यलाई परिआएको खण्डमा स्वयंसेवाका लागि युवा तत्पर रहने चेतनाको समेत विकास हुने देखिन्छ।

यस परिषद्संग आबद्धता भएका संघसंस्थाहरुको विवरणः

क्र स	संस्थाको नाम	ठेगाना
१	हाम्रो ग्रामिण समाजको निमीत्त परिवर्तन र विकास	
२	हर्षित मञ्च नेपाल	कागेश्वरी मनहरा काठमाण्डौ
३	स्वास्थ्य शिक्षा तथा वातावरण नेपाल	कागेश्वरी मनहरा ७ काठमाण्डौ
४	स्वयमसेवक कोर नेपाल	भक्तपुर
५	स्वतन्त्रता अभियान	बखुण्डोल,ललितपुर
६	स्टेम फाउण्डेशन नेपाल	काठमाण्डौ
७	स्टुडेण्ट फर द एक्पोरेसन एण्ड डेभलोपमेन्ट अफ स्पेश	भक्तपुर २
८	स्टार युथ क्लव	सोलु सल्लेरी
९	सोलिडारीटी नेपाल	का म न पा २९
१०	सेवा र विकासका लागि युवा	चितवन
११	सृजनशिल गोदावरी महिला समाज	सातदोवाटो १५ ललितपुर
१२	सुधार नेपाल	काठमाण्डौं
१३	सिभुवा स्याबुन सेवा सदन	काठमाण्डौ
१४	साहारा समाज नेपाल	रसुवा
१५	साहसी हृदयहरु	काठमाण्डौ
१६	सामुदायिक अपाङ्गता विकास केन्द्र नेपाल	लेकबेसी ९ सुर्खेत
१७	सामाजिक विकास अभियान नेपाल	बिरगञ्ज
१८	साथी	ललितपुर
१९	सहयोगी संस्था नेपाल	ललितपुर
२०	सरोकार समाज नेपाल	काभ्रेपलान्चोक
२१	सम्बन्ध नेपाल	मध्यपुर ठिमि वडा नं ३
२२	समुदायका लागि विकास र सम्वृध्दी सँस्था	खाँडा चक्र न.पा. वडा न.१ कालिकोट

२३	समाज रुपान्तरणका लागि युवा अभियान केन्द्र	काठमाण्डौ
२४	सचेत नागरिक समाज	खड्गपुर-७,अमरैजाँ,सप्तरी
२५	संस्कृती अध्ययन संस्था नेपाल	कोटेश्वर ३२
२६	संरक्षण नेपाल	बारा कलैया
२७	श्रृजनिशल युवा समाज	बझाङ्ग माझीगाउँ ५
२८	श्रुति	चण्डोल ४ काठमाण्डौ
२९	श्रमजीवी महिला तथा बालकल्याण	काठमाण्डौ
३०	शैक्षिक परिवर्तन प्रतिष्ठान	नयाँ वानेश्वर
३१	शुरुवात	चाँगुनारायण वडा नं ३ झौखेल
३२	शिक्षा सेवा समाज नेपाल	चितवन
३३	शिक्षा पत्रकार समूह	अनामनगर काठमाडौ
३४	शक्ति समुह	का म न पा ७ चावहिल
३५	वैदेशिक रोजगार सरोकार केन्द्र	कामनपा ९
३६	वैचारिक युवा समाज	पेप्सीकोला
३७	विशेष स्कुल तथा पुर्नस्थापना केन्द्र	काठमाण्डौ पेप्सीकोला
३८	विकासका लागि शिक्षा तथा वातावरण समन्वय केन्द्र नेपाल	काठमाण्डौ
३९	विकासका निम्ती सर्लाहीका युवा सञ्चालन केन्द्र	सर्लाही
४०	विकास र शसक्तिकरणका लागि संस्था नेपाल	बानेश्वर ३४ , काठमाण्डौ
४१	लिडर सोसाइटी	कामनपा २० भिमसेनस्थान
४२	ल हेजर्स नेपाल	बानेश्वर १०
४३	रिड सूचना तथा स्रोत केन्द्र READ Nepal	वालूवाटार काठमाण्डौ
४४	रिटर्नी माऊरेनट नउपाल	काठमाडौँ ७
४५	राष्ट्रिय स्वाबलम्वन विकास समाज	सप्तरी

४६	राष्ट्रिय बहिरा महासंघ नेपाल	काठमाण्डौ वडा २
४७	राधापौडेल फाउन्डेशन	काठमाडौँ
४८	राउटे लोपोन्मुख सिमान्तकृत वर्ग उत्थान प्रतिष्ठान नेपाल	काठमाण्डौ
४९	रत्नाखर पाण्डे स्मृती प्रतिष्ठान	मान्मा कालिकोट
५०	युवा सृजनशील समाज नेपाल	काठमाण्डौ
५१	युवा सरोकार महासंघ	काठमाण्डौं
५२	युवा विकास केन्द्र	सुनसरी
५३	युवा गैरसरकारी संस्था महासंघ नेपाल	भक्तपुर
५४	युनाइटेड नेशनल मेडिकल सोसाइटी अफ नेपाल	ललितपुर
५५	युथ ईनोभेसन ल्याव	काठमाण्डौ
५६	युथ भिजन फर सस्टेनेवल डेभलोपमेन्ट	काठमाण्डौ ३२
५७	युथ क्लव नारायणगढ	भरतपुर १
५८	मानव सदभाव नेपाल	तारकेश्वर काठमाण्डौ
५९	मनमोहन अधिकारी मेमोरियल विकास केन्द्र	रौटहट
६०	भुसिङ्गा युवा क्लव	खिजिदेम्वा ८
६१	भविष्यका लागि युवा	काठमाडौँ १०
६२	बैकल्पिक सेवा सामुदायिक संस्था नेपाल	पोखरा उपमहा नपा
६३	बिघ्नहर्ता नेपाल	काठमाण्डौं नपा
६४	फेमिलिएर वन तथा कृषी उद्मी समुह	बुढानिलकण्ठ १०
६५	फुलचोकी छिमेक कल्याण समिती	काठमाण्डौ
६६	प्रविधिमैत्री शिक्षक समाज	काठमाण्डौ
६७	प्रजातान्त्रिक सेवा केन्द्र	अनामनगर वडा न.३२ काठमाण्डौं
६८	प्रगती नेपाल	अनामनगर
६९	प्रगतिशील युवा समाज	कञ्चनपुर ११ सप्तरी

७०	प्रगतिवादी युवा समाज , नेपाल काठमाण्डौ	काठमाण्डौ
७१	परिणाम नेपाल	शारदा नपा १ सल्यान
७२	नेपाली युथ फिटनेस एण्ड केलिस्थेनिक्स	गोकरेश्वर ६
७३	नेपाली नारी आवाज	नयाँ वानेश्वर ३१
७४	नेपाल स्वास्थ्य विकास संस्था	ललितपुर म.न.पा.
७५	नेपाल स्वयमसेवक संघ नेपाल	
७६	नेपाल सुनचाँदी हस्तकला व्यवसायी संघ	काठमाण्डौ
७७	नेपाल रक्तदाता संघ	चावहिल ७ काठमाण्डौ
७८	नेपाल युवा समिति	रौतहट
७९	नेपाल यातायात महिला चालक समूह	लाजिम्पाट ०२ ,काठमाण्डौ
८०	नेपाल महिला एकता समाज	काठमाण्डौ म.न.पा.-
८१	नेपाल गुड्विल फाउण्डेशन	
८२	नेपाल उद्यमशिल महिला महासंघ	नयाँ वानेश्वर ३१
८३	नेत्रहिन युवा संघ नेपाल	काठमाण्डौ
८४	निर्णय	लुभु लामाटार वडा ९
८५	नारी सकल्प	काठमाण्डौ २९
८६	नागरिक सरोकार समूह	मन्थली रामेछाप
८७	नर्सिङ क्लव नेपाल	काठमाण्डौं महानगरपालिका २९
८८	नन्दिनी नेपाल	बुढानिलकन्ठ काठमाण्डौं
८९	नँया युवा नँया सोच सेवा समाज	डोटी सिलगुढी
९०	दुख निवारण गूठी	महराजगन्ज ३ बसुन्धरा
९१	दिगो समुह नेपाल	ग्वार्को ललितपुर
९२	दिगो विकासका लागि राष्ट्रिय युवा सञ्जाल नेपाल	भक्तपुर
९३	दिगो विकास समाज	डोटी
९४	द ओरेन्ज इनिसियटिभ	ललितपुर नगरपालिका

९५	डाईनामिक पब्लिक लाईब्रेरी	झापा दमक ८
९६	जैविक प्रविधि नेपाल	का.म.न.पा.३३
९७	जे वि टुहुरे फाउण्डेशन	काठमाण्डौ १४
९८	जागृति बाल तथा युवा सरोकार नेपाल	सानेपा ललितपुर
९९	जागरुक महिला विकास समूह	ललितपुर
१००	जागरण महिला विकास समाज नेपाल	चन्द्रागिरी
१०१	चेतनाका लागि महिला	का म न पा वौद्ध ६
१०२	ग्लोवल हेल्प फाउण्डेशन	काठमाण्डौं
१०३	ग्लोवल एक्सन नेपाल	बुढानिलकण्ठ ६ काठमाडौँ
१०४	ग्रामिण समाज नेपाल	समसी गापा महोत्तरी
१०५	ग्रामिण शसक्तीकरण केन्द्र नेपाल	नारायण न पा १ दैलेख
१०६	ग्रामिण विकासका लागि सहकार्य	काठमाण्डौ
१०७	ग्रामिण युवा जनसरोकार मन्च	सिन्धुपाल्चोक
१०८	ग्रामिण महिला उत्थान केन्द्र	काठमाण्डौ
१०९	गुह्रेश्वरी विनायक यूवा क्लव	गुह्रेश्वरी १० , काठमाण्डौ
११०	गुडवेभ फाउण्डेसन	काठमाडौँ ११
१११	गरीब तथा दलित उत्थान सेवा समिती	ठूलीभेरी नपा डोल्पा
११२	कुशल नेपाल	लम्जुङ्ग
११३	एडुप्ले युवा नेपाल	काठमाण्डौ ३२ कोटेश्वर
११४	एकिकृत समाज विकास नेपाल	ललितपुर
११५	एकिकृत विकासका लागि कर्णाली नेटवर्क	कालीकोट मान्मा ५
११६	उपभोक्ता नेपाल	सप्तरी
११७	उद्यमशील महिला सशक्तिकरण नेपाल	कोटेश्वर ३२
११८	उदार स्वयंसेवक आवद्द सामाजिक संस्था नेपाल	काठमाण्डौं मनपा ९
११९	उत्साही नेपाल	टोखा न.पा.- काठमाण्डौ
१२०	उत्प्रेरणा नेपाल	इमाडोल ६ ललितपुर

१२१	आईसिटी पत्रकार विकास मञ्च	ललितपुर पुल्चोक २०
१२२	आधार डिभ्लोपमेण्ट नेपाल	काठमाडौँ
१२३	आधार	अनामनगर
१२४	आदर्श समाज नेपाल	किर्तीपुर न.पा.-४, काठमाण्डौ
१२५	आँगन नेपाल	का.म.न.पा -११
१२६	असहाय उत्थान तथा विकास केन्द्र नेपाल	इटहरी
१२७	अर्पण गरिवी निवारण	काठमाण्डौ वडा नं १०
१२८	अपाङ्ग संघ	सप्तरी
१२९	अन्तराष्ट्रिय युवासञ्चार सम्मेलन	वालुवाटार
१३०	ग्रामिण सामुदायिक विकास केन्द्र	हरिपुर न.पा. सर्लाही
१३१	युवालय	ललितपुर
१३२	बिर बहादुर तामाङ मेमोरियल फाउण्डेशन BBTM Foundation	रामेछाप खाडादेवि वडा नं. ७
१३३	नेपाल गुडवेभ फाउण्डेसन	काठमाण्डौ ११
१३४	Creation Nepal	वालुवाटार
१३५	दलान युवा क्लव	तिलाठी कोइलाडी गापा ३
१३६	सर्वागीर्ण विकास नेपाल	का म नपा वडा ४
१३७	राष्ट्रिय वातारण तथा स्वास्थ्य अध्ययन केन्द्र	सानोठिमि भक्तपुर
१३८	तुलसादेवी हरीहर फाउण्डेसन	ललितपुर
१३९	बजरङ्ग युवा क्लव	सिराहा
१४०	ग्रामिण सेवा समाज केन्द्र	महोत्तरी
१४१	नेपाल एकता(Nepal Unities)	कानपा ९

१०.५ प्रशासन अनुगमन तथा मूल्याङ्कन शाखाः

- जेन-जी आन्दोलन पछि परिषद् परिसरमा श्रद्धानजली अर्पण कार्यक्रम सञ्चालन,
- जेन-जी आन्दोलको सम्बन्धमा छलफल तथा अन्तक्रिया कार्यक्रम सम्पन गरी प्रतिवेदन तयार,
- विभिन्न समय कार्यालयको कार्यसम्पादन सम्बन्धमा कर्मचारी बैठक तथा छलफल,
- यस परिषद्का कार्यकारी उपध्यक्ष श्री सुरेन्द्र बस्नेतको कार्यकालको समिक्षा, विदाई तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न,
- कार्यकारी समितिको बैठक बसी विविध विषयमा निर्णय गरियो,

- परिषद् बैठक दुई पटक सम्पन गरी वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका, आवश्यक कार्यविधि तथा कार्यढाँचा स्वीकृति तथा अन्य आवश्यक निर्णय गरीयो।

१०.६ योजना तथा बैदेशिक समन्वय शाखाः

- ❖ सरोकारवाहाहरू बीच बार्षिक कार्यक्रमको अभिमुखीकरण
- ❖ ब्रिटिस काउन्सिलसंगको सहकार्यमा युथभिजन २०२५ रणनितिक समिक्षाको प्रस्तुतीकरण
- ❖ विभिन्न संघ सस्थाहरूसँग समन्वय बैठक
- ❖ प्रदेश रस्थानीय तहमा युवा परिषद् गठनका लागि सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया ।

११. कार्यालय प्रमुख र सूचना अधिकारीः

✓ कार्यालय प्रमुखः प्रशासकीप प्रमुख श्री गेहनाथ गौतम कोठा नं २ सम्पर्क नम्बरः ९८४१३१४५७९ mail address:geha.gautam@gmail.com

- ✓ सूचना अधिकारीः उपसचिव श्री विश्वास रोकामगर कोठा नं.१४ सम्पर्क नम्बरः९८६१९९९३०१ mail address: biwash60@gmail.com

१२. ऐन, नियम, विनियम वा निर्देशिकाको विवरणः

- राष्ट्रिय युवा परिषद् ऐन, २०७२
- राष्ट्रिय युवा परिषद् नियमावली, २०७३
- युथ भिजन, २०२५
- राष्ट्रिय युवा नीति, २०८२
- आ.ब. २०८२/८३ नेपाल सरकारको नीति तथा कार्यक्रम
- आ.ब. २०८२/८३ नेपाल सरकारको बजेट तथा कार्यक्रम
- युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७
- युवा सुचना केन्द्र निर्देशिका,२०७३
- युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३ (पहिलो संसोधन २०७४)
- शैक्षिक प्रमाणपत्रका आधारमा उद्यमका लागि ऋण कार्यक्रम सम्बन्धी निर्देशिका,२०७५
- एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि,२०७६

- एक शिक्षण संस्था एक उद्धम कार्यान्वयन कार्यढाँचा,२०७८
- उद्यमशिलता तथा वित्तीय साक्षरता तालिम सञ्चाझलन कार्यढाँचा,२०७८
- सूचनाको हक सम्बन्धी आन्तरिक कार्यविधि,२०७३
- सहुलियतपूर्ण कर्जा कार्यविधि,२०७५ (तेस्रो संशोधन सहित)
- राष्ट्रिय युवा परिषदको आन्तरिक कार्यविधि,२०७३
- Approve youth Inovation process, 2078
- युवा मैत्री स्थानिय तह दिग्दर्शन, २०८०
- युवा प्रतिभाहरूको खोजी र प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यप्रक्रिया, २०७८
- स्टार्टअप फन्डका लागि मापदण्ड,२०७७
- युवा उद्यमशीलता प्रवर्धन सम्मेलन साझेदारी कार्यक्रम सम्बन्धी मार्गदर्शन, २०८१
- प्रतिभावान युवाहरूको लागि फेलोसिप कार्यक्रम सञ्चालन मार्गदर्शन,२०८१
- युवा नवप्रवर्तन तथा इन्क्युवेशन कार्यक्रम सञ्चालन मार्गदर्शन,२०८१
- युवाहरूकालागि रोजगारमुलक सीप विकास कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१
- आन्तरिक नियन्त्रण प्रणाली,२०८२
- सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ तथा नियमावली, २०७७
- निजामति ऐन २०४९ र निजामति सेवा नियमावली,२०५०
- सूचनाको हक सम्वन्धी ऐन २०६५ तथा नियमावली,२०६५
- भ्रष्टाचार निवारण ऐन,२०५९
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन,२०६४ तथा नियमावली,२०६५

- भ्रमण खर्च नियमावली,२०६४
- युवा मैत्री स्थानिय तह प्रोत्साहन कार्यविधि,२०७६
- युवा परामर्श सेवा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७६
- युवा क्लव गठन तथा युवा संसद सञ्चालन कार्यविधि,२०७५ (संसोधन सहित)
- युवा सञ्जाल गठन तथा परिचालन सम्वन्धी आन्तरिक कार्यविधि,२०७६
- नेपाल सरकारबाट विभिन्न मितिमा जारी भएका अन्य ऐन,नियम,कार्यविध, मापदण्ड, निर्देशिकाहरू ।
- मिडिया र सूचना शाक्षरता अभिवृद्धि कार्यढाँचा, २०८२
- संघ संस्थाहरुको साझेदारी युवा लक्षित कार्यक्रम सञ्चालन कार्यढाँचा, २०८२
- युवा सञ्जाल गठन तथा परिचालन सम्वन्धी कार्यढाँचा, २०८२
- युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यावसाय प्रदर्शनी कार्यढाँचा,२०८२
- सूचना प्रविधि उधमी तथा स्टार्टअप व्यावसायी पुरषकार वितरण कार्यढाँचा,२०८२ ।

१३. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्वन्धी अद्यावधिक विवरणः

(२०८२ साउन महिनादेखि २०८२ पौष मसान्तसम्म)

- ❖ जम्मा बजेटःरु ९,२७,३०,०००।-
- ❖ जम्मा खर्चः१,३९,९७,००६।-
- ❖ जम्मा बेरुजु रु.:३३,९९,५२,४६४।-
- ❖ सम्परीक्षणका भएको बेरुजु रकम रु.:२०,१४,२४,७३१।-
- ❖ जम्मा बाँकी बेरुजु रकम रु.१३,८५,२७,७३३।-

१४.राष्ट्रिय युवा परिषद्को कार्यलयको वबसाइट तथा सम्पर्क विवरण:

- वेबसाइट :www.nyc.gov.np
- इमेल ठेगाना : info@nyc.gov.np
- फोन नं. : ०१६६३५१३३
- फेशबुक पेज :National Youth Council Nepal.

१५.सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको बिषयः

- यस आ. व. मा कुनै उजुरी प्राप्त नभएको ।

१६.कार्यसम्पादनसंग सम्बन्धित केही तस्विरहरुः

माननीय युवा तथा खेलकुद मन्त्री र उपाध्यक्षको उपस्थितिमा स्वयंसेवक दिवस कार्यक्रमका तस्विरहरुः

राष्ट्रिय युवा परिषद्को यस वर्षका प्रकाशनहरुः





आगामी दिनका लागि केही सुझाव:

- युथ भिजन -२०३५ अविलम्ब जारी गर्ने ।
- सातै प्रदेशमा प्रदेश युवा परिषद (हाल तिनवटामा भइसकेको) र ७५३ (३८ वटामा भइसकेको) वटै पालिकामा स्थानीय युवा परषद् गठन गर्ने ।
- संघीयताको मर्म र राष्ट्रिय युवा नीति २०८२ को दिशानिर्देश वमोजिम अविलम्ब राष्ट्रिय युवा परिषद ऐन संशोधन/परिमार्जन गर्ने ।
- राष्ट्रिय युवा परिषदको स्थायित्व र प्रभावकारिता अभिवृद्धिका लागि ऐनको मर्म वमोजिम आफ्नै स्थायी दरवन्दी र कोषको व्यवस्था गर्ने ।
- युवा स्टार्टअप सम्वन्धि सवै छरिएका कार्यक्रमहरू एकीकृत गरी राष्ट्रिय युवा परिषद मार्फत् सञ्चालन गर्ने ।

अन्त्यमा सवैलाई धन्यवाद !!

पुर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्युको उत्प्रेरणा र तत्कालीन युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराज 'अथक ' ज्युको शिफारिसमा तत्कालीन प्रधानमन्त्री शेरवहादुर देउवा ज्यु नेतृत्वको मन्त्रिपरिषद्को निर्णयवाट मैले यो जिम्मेवारी प्राप्त गरेको थिएं । यस अवसरका निम्ति उहांहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । आफ्नो चार वर्षे कार्यकालमा मैले परिषदको पदेन अध्यक्षका रूपमा रहने पांच युवा तथा खेलकुद मन्त्री ज्युहरू (मा. महेश्वरजंग गहतराज 'अथक', मा.डिगवहादुर लिम्बु, मा.विराजभक्त श्रेष्ठ, मा.तेजुलाल चौधरी, मा.बब्लु गुप्ता) संग काम गर्ने अवसर प्राप्त गरे । अत्यन्तै सहजतापुर्वक काम गर्न निरन्तर प्रेरित गरिरहने उहांहरू सवैप्रति हार्दिक धन्यवाद र विशेष आभार प्रकट गर्न चाहन्छु । यस अवधिमा मलाई विशेष सहयोग र सहजिकरण गर्ने युवा मन्त्रालयका पुर्व सचिवहरू डा.दामोदर रेग्मी, सुर्यप्रसाद गौतम, रविलाल पन्थ, सुमनराज अर्याल र डा.हरिप्रसाद लम्साल सहितको मन्त्रालयको सिङ्गो टिमलाई पनि विशेष धन्यवाद दिन चाहन्छु । परिषदका सवै सदस्य तथा कार्यकारी समिति सदस्यहरूको सहयोगप्रति सदैव ऋणी छु । यसका साथै परिषदको प्रशासकीय प्रमुखको रूपमा रहेर मेरो समग्र कार्यकालमा उल्लेखनीय सहयोग गर्ने डा.बाबुराम ढुङ्गाना, रमाकान्त शर्मा, दिनेस घिमिरे, चन्द्रकुमारी थापा र गेहनाथ गौतम(हाल कार्यरत) सहित परिषद कार्यालयका सवै कर्मचारी साथीहरूलाई विशेष स्मरण गर्दै धन्यवाद दिन चाहन्छु ।

यसैगरी परिषदलाई आम युवाविच पुऱ्याउन महत्वपुर्ण योगदान र सहकार्य गर्ने नेपाल स्थित संयुक्त राष्ट्रसंघ सम्वद्ध निकायहरू, विकास साझेदार संस्थाहरू, प्रदेश युवा परिषदहरू, युवा केन्द्रित् सरकारी तथा गैरसरकारी संस्थाहरू, नागरिक संगठनहरू, परिषद आवद्ध सवै संघसंस्थाहरू, परिषद मातहतका सवै सञ्जालहरुका साथ युवाको क्षेत्रमा क्रियाशील भइ परिषदसंग निरन्तर जोडिएर काम गर्ने सवै युवा अभियन्ता साथीहरुलाई विशेष आभार प्रकट गर्दछु ।

आगामी दिनमा परिषद स्रोतले अझ सवल, अधिकारले अझ अब्बल र नतिजाले अझ प्रवल हुन् सकोस् ।
धन्यवाद

जय युवा !!!

सुरेन्द्र बस्नेत
उपाध्यक्ष
राष्ट्रिय युवा परिषद

२० पौष २०८२

"समृद्ध नेपालका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा"

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर

श्वेतपत्र

आदरणीय महानुभावहरू !

नेपाल सरकारले राष्ट्रिय युवा परिषदको कार्यकारी प्रमुखको रूपमा काम गर्नेगरी मलाई उपाध्यक्षको जिम्मेवारीमा मिति २०७८ पौष २१ नियुक्त गरेको आज ठिक चारवर्ष पुगेको छ । राष्ट्रिय युवा परिषद ऐन २०७२ वमोजिम गठित शिफारिस समितिले आह्वान् गरेको खुला प्रतिस्पर्धामा भाग लिएका १४ प्रतिस्पर्धी मध्ये वाट छनौट भइ शिफारिस भएवमोजिम मन्त्रिपरिषदवाट मेरो नियुक्ति भएको हो। यस अवधिमा नेपाली युवाहरूको सर्वाङ्गीण विकास गर्दै उनीहरूलाई भविश्यको कर्णधार मात्र हैन, वर्तमानको साझेदार समेत वनाउने मुल उदेश्यवाट अभिप्रेरित हुंदै निरन्तर काम गर्ने कोशिस गरे । स्रोत-साधनको सिमितता र युवाहरूको अपेक्षाका बिच ठुलो खाडल रहेको छ । यसका बाबजुद एकातिर उपलब्ध स्रोतको अधिकतम् सदुपयोग गर्ने र अर्कोतिर अन्य साझेदार निकायहरूसंगको सहकार्यवाट परिषदलाई आम युवामाझ पुऱ्याउने प्रयास गरें। यसै सन्दर्भमा चार वर्षे कार्याकालका दौरानमा भएगरेका प्रयास र उपलब्धि एवम् भविष्यमा गर्नुपर्ने कामका सन्दर्भमा तपशिल वमोजिमका केही विवरण श्वेतपत्रको रूपमा जारी गरेको छु ।

मिडिया र सूचना युवा सम्वाद कार्यक्रमः

मिडिया र सूचना शाक्षरता अभिवृद्धि कार्यक्रम कार्यढाँचा सुझाव संकलन कार्यशालाः

अन्तर्राष्ट्रिय युवा दिवसका अवसमा सम्मानीय राष्ट्रपतिबाट उद्घाटन तथा सम्बोधन गर्नेक्रमका तस्विरका झलकहरुः

अन्तर्राष्ट्रिय युवा दिवसका अवसमा मूल समारोहमा उपस्थित सहभागीहरुः